तेस्रो अध्याय

३. नेपाली साहित्यमा आञ्चलिक उपन्यासको प्रारम्भ, परम्परा र विकास

३.१. उपन्यासमा आञ्चलिकताको प्रयोग

३.२ पाश्चात्य साहित्यमा आञ्चलिक उपन्यासको प्रयोग-परम्परा

३.३. भारतीय साहित्यमा आञ्चलिक उपन्यासको प्रयोग-परम्परा

३.४. नेपाली उपन्यास साहित्यको विकास र आञ्चलिक उपन्यासको प्रयोग-परम्परा

३.५. प्रमुख नेपाली आञ्चलिक उपन्यास र उपन्यासकारहरूको संक्षिप्त परिचय

३.६. निष्कर्ष

तेस्रो अध्याय

नेपाली साहित्यमा आञ्चलिक उपन्यासको प्रारम्भ, परम्परा र विकास

३.१. उपन्यासमा आञ्चलिकताको प्रयोग

साहित्यिक अभिव्यक्तिका विभिन्न विधाहरूमध्ये उपन्यास सर्वाधिक समृद्ध विधा मानिन्छ। उपन्यासका माध्यमद्वारा उपन्यासकारले मानव जीवनका सामाजिक, राजनैतिक, आर्थिक, सांस्कृतिक, शैक्षिक, धार्मिक आदि विविध पक्षहरूको विस्तारपूर्वक अभिव्यक्ति दिएका हुन्छन्। साहित्यमा उपन्यासको स्वरूप स्थिर रहनाको साटो समयको गतिशीलतासँगै परिवर्त्तन भएको पाइन्छ। मानव जीवन जस्तै उपन्यासको विषयवस्तु पनि असीम, परिवर्तनशील, विविधतापूर्ण अनि व्यापक छ। यसका अतिरिक्त युगधर्मिता पनि उपन्यासको एउटा महत्त्वपूर्ण विशेषता हो। यसै सन्दर्भमा युगधर्मितालाई उपन्यासको प्राणतत्त्व मानी जर्ज मूरले 'जुन युगमा हामी बाँचिरहेका छौं त्यसको सामाजिक परिवेशको सठीक र सम्पूर्ण पुनर्निर्माण नै उपन्यास हो'[१] भन्ने मत व्यक्त गरेको कुरो यहाँ उल्लेखनीय छ।

उपन्यासमा समसामायिक जीवन यथार्थ रूपमा अभिव्यक्त भएको हुन्छ। समय गतिशील अनि परिवर्तनशील छ; समय अनि परिस्थितिको परिवर्तनसँगै मानिसका चिन्तन र दृष्टिकोणमा आउने परिवर्तन र मानवीय सम्बन्ध एवं मानवमूल्य नै उपन्यासले समेटेको पाइन्छ तथा युगीन परिवर्तनसँगै शिल्पगत परिवर्तन पनि उपन्यासमा स्वतः अनि अनिवार्य रूपमा लक्षित हुन्छ। साहित्यमा उपन्यास विधाको विकासको इतिहास अध्ययन गर्दा तिलस्मी, जासूसी, रोमाञ्चक, साहसाभियानमूलक आदि उपन्यासहरूदेखि लिएर नायकविहीन र प्रयोगधर्मी उपन्यासको वर्तमान युगसम्म आइपुग्दा उपन्यास साहित्यको आन्तरिक र बाह्य

---

१. जवाहर सिंह, **हिन्दी के आञ्चलिक की शिल्प विधि**; नेशनल पब्लिशिंग हाउस, नयाँ दिल्ली; सन् १९८६; पृ० ४७।

संरचना अनि यसको कथ्य र शिल्पमा धेरै परिवर्तन भएको देखिन्छ। यस्तै कथ्यगत एवं शिल्पगत वैशिष्ट्यले गर्दा आञ्चलिक उपन्यास अन्य उपन्यासभन्दा भिन्न हुन्छन्।

जीवन र साहित्यको अथवा समाज र साहित्यको परस्पर अटूट सम्बन्ध छ र मानव जीवनका विभिन्न समस्याहरूलाई कुनै न कुनै रूपमा उपन्यासकारले आफ्ना कृतिमा प्रस्तुत गर्दछ। साहित्य गतिशील हुन्छ र यसमा निरन्तर नवीन प्रयोग भइरहेको पाइन्छ भने उपन्यास साहित्यको सबैभन्दा लचिलो विधा हुनाले यसमा नवीन शिल्प-शैली एवं प्रविधि-प्रयोग हुनु स्वाभाविकै ठहर्छ। यही नव्यताकाङ्क्षी प्रयोगधर्मिताको परिणाम स्वरूप नै उपन्यास साहित्यमा आञ्चलिक प्रवृत्तिको शुरूवात भएको हो भन्ने डा० जवाहर सिंहको विचार रहेको छ[२] र 'सामान्य'-देखि 'विशिष्ट' आधार छान्ने प्रवृत्तिले नै आञ्चलिक उपन्यास सृष्टि भएको हो भन्ने डा० रामपत यादवको पनि भनाइ रहेको पाइन्छ।[३]

३.२. पाश्चात्य साहित्यमा आञ्चलिक उपन्यासको प्रयोग-परम्परा

प्रत्येक देशको भौगोलिक वातावरण, जन-जीवनको विशिष्ट परम्परा, सांस्कृतिक वैभव एवं चिन्तन प्रक्रियामा भिन्नता पाइने हुनाले विभिन्न देशका उपन्यासकारहरूद्वारा लिखित आञ्चलिक उपन्यासहरूका विषयवस्तु, स्वरूप आदिमा पनि विविधता पाइन्छ। आञ्चलिक उपन्यासको प्रयोग-परम्पराका दृष्टिले पाश्चात्य साहित्य र त्यसमा पनि खास गरेर अङ्ग्रेजी, अमेरिकी, रूसी अनि फ्रान्सेली उपन्यास साहित्य समृद्ध रहेको छ र यहाँ तिनीहरूको प्रारम्भ र विकास प्रक्रियाको संक्षिप्त चर्चा गर्ने प्रयास गरिएको छ।

(क) अङ्ग्रेजी आञ्चलिक उपन्यास

आधुनिक अङ्ग्रेजी उपन्यासको जन्म ईसाको अठाह्रौं शताब्दीमा डेनियल डिफो (सन्

---

२. जवाहर सिंह, पूर्ववत्; पृ० ४६।

३. रामपत यादव, **उपन्यासका आञ्चलिक वातायन**; चिन्ता प्रकाशन, पिलानी, राजस्थान; सन् १६८०; पृ० ६४।

१६६१-१७३१)-का रचनाहरूबाट भएको मानिएको छ।[४] डेनियल डिफोभन्दा पहिले अङ्ग्रेजी साहित्यमा मूलतः सामुद्रिक यात्राको वर्णन, प्राचीन अतिभौतिक कथा, प्रेमाख्यान, योद्धाहरूको जीवनी जस्ता विषयहरूलाई आधार बनाएर छन्दोबद्ध रूपमा आख्यान लेखिने चलन थियो तापनि मध्यकालमा आएर चाहिँ आख्यानको रचना प्रणाली तथा निर्माण विधिमा उन्नति भएको पाइन्छ।[५] चौधौं शताब्दीमा इटालियन कथाकार जियोभमानी बोकासियो (सन् १३१३-१३७५)-का लगभग एकसयवटा कथाहरूको सङ्कलन **डेकामेरान** (सन् १३४८ देखि १३५८ भित्र लेखिएका कथाहरू)-बाट विश्व साहित्यका धेरजसो साहित्यकारहरूले उपन्यास लेख्ने प्रेरणा प्राप्त गरेको र अठारौं शताब्दीको अन्तिम दशकदेखि भने अङ्ग्रेजी साहित्यमा विशिष्ट स्थानका समस्याहरूको वर्णन-वृतान्त भएका नयाँ ढङ्गका उपन्यासहरू लेखिन थालेको पाइन्छ भन्ने विद्वानहरूको भनाइ छ अनि त्यस्ता रचना कृतिहरूमा आञ्चलिकतालाई स्पर्श गरी लेखिएका उपन्यासहरू पनि पाइन्छन् भनिएको छ।[६]

वस्तुतः अङ्ग्रेजी साहित्यमा समृद्ध रहेको **'रीजनल नोभल'** (आञ्चलिक उपन्यास)-को परम्परा सन् १८०० मा मेरिया एजवर्थ (सन् १७६७-१८४६)-को **क्यासल रेकरेन्ट** (सन् १८००)-बाट शुरू भएको मानिएको छ।[७] यसमा एवं **बेलिन्डा** (सन् १८०१) जस्ता उपन्यासहरूमा एज्वर्थले तत्कालीन आयरल्याण्डका कृषकहरूको आर्थिक, सामाजिक स्थितिको वर्णन गरेकी छन्। उनका उपन्यासहरूमा आइरिस बोलीको प्रयोग अनि आइरिश जीवनको सूक्ष्म एवं यथार्थ वर्णन पाइने हुनाले अङ्ग्रेजी उपन्यास साहित्यमा मात्र होइन तर विश्व साहित्यकै सन्दर्भमा मेरिया एज्वर्थ प्रथम आञ्चलिक उपन्यास लेखिका मानिएकी छन्।[८] एज्वर्थका उपन्यासहरूबाट प्रभावित भएर उनकै समकालीन वाल्टर स्कट (सन् १७७१-१८३२)-ले स्कटल्याण्डका निवासीहरूका विषयमा धेरै उपन्यासहरू लेखे। उनको **वेवर्ली** (सन् १८१४) उपन्यासको प्रकाशन अङ्ग्रेजी उपन्यास साहित्यको इतिहासमा एउटा

---

४. श्री नारायण मिश्र, **अङ्ग्रेजी उपन्यासका विकास और उसकी रचना-पद्धति**; सूचना विभाग, उत्तर प्रदेश, सन् १९६१; पृ० १३७।

५. विलबर एल. क्रस, **द डेभलपमेन्ट अव् द इंग्लिस नोबेल**; एटलाण्टिक पब्लिशर एण्ड डिस्ट्रिब्युटर, न्यू दिल्ली; सन् १९९० (पुनमुद्रित); पृ० २६-२८

६-७. राजकुमारी सिंह, **हिन्दी तथा अङ्ग्रेजी के आञ्चलिक उपन्यासों का तुलनात्मक अध्ययन**; अन्नापूर्ण प्रकाशन, कानपुर; सन् १९८८; पृ० ७८-७९।

८. वाल्टर एलेन, **द इङ्लिस नभेल**; पेलिकन बुक पेन्गुइन; सन् १९६५ (पुनमुद्रित); पृ० १०३।

महत्वपूर्ण घटना मानिएको छ र यो उपन्यास अत्यन्त लोकप्रिय भएकाले सन् १८३० सम्म यसका धेरै संस्करण प्रकाशित भएका पाइन्छन्। वाल्टर स्कटभन्दा पूर्व स्कच् कृषकहरूका विभिन्न समस्याहरूलाई विषयवस्तु बनाएर एलिज़ाबेथ हेमिल्टन, सोफिया लीज, जेन पोर्टर प्रभृति लेखकहरूले एकाध उपन्यास लेखेका भए तापनि ती उपन्यासहरू औपन्यासिक तत्त्व वा गुणस्तरका दृष्टिले सफल थिएनन् भन्ने विद्वानहरूको भनाइ रहेको पाइन्छ।[९]

वाल्टर स्कट मूलतः ऐतिहासिक उपन्यासकार भए तापनि उनका कृतिहरूमा आञ्चलिक वातावरणको प्रयोग भएको हुनाले अङ्ग्रेजी उपन्यास साहित्यमा आञ्चलिक प्रवृत्ति विकास गराउनमा उनका उपन्यासहरूको महत्त्वपूर्ण भूमिका रहेको बुझिन्छ। स्कट्का **वेवर्ली नोभल्स् सीरीज**-का कृतिहरूको पट्भूमि मूलतः स्कटल्याण्डको पहाड़ी अञ्चल रहेको छ र तिनमा त्यस अञ्चलका आदिवासीहरूको जातीय विशेषता, जीवन पद्धति, चिन्तन-प्रक्रिया आदिको चित्रण-वर्णन पाइन्छ; स्थानीय रङ्ग र स्थानीय बोलीको प्रयोगले पनि उनका उपन्यासहरू आञ्चलिक प्रवृत्तितर्फ उन्मुख रहेका देखिन्छन्।

उन्नाइसौं शताब्दीको उत्तरार्धमा अङ्ग्रेजी उपन्यास साहित्यमा आञ्चलिक प्रवृत्तिको विकास गर्नेहरूमा शार्लेट ब्रण्टी, जर्ज इलियट, थमस हार्डी, आर्नाल्ड बनेट प्रभृति लेखकहरू उल्लेखनीय रहेका छन। शार्लेट ब्रण्टीका उपन्यासहरूमध्ये जेन आयर (सन् १८४७) र शार्ले (१८४६) आञ्चलिक उपन्यासका रूपमा प्रसिद्ध छन्। **जेन आयर** उपन्यासमा इङ्ग्ल्याण्डको पहाड़ी इलाकामा बसोबासो गर्ने भेड़ी गोठालाहरू अनि जुलाहाहरूको जीवन चित्रित छ भने **शार्ले** उपन्यासमा योर्क शायरको वेस्ट रायडिङ्ग क्षेत्रमा **ऊनी वस्त्र-उद्योग**-लाई आफ्नो उपजीविका बनाएर जीवन यापन गर्ने वासिन्दाहरूको चित्रण पाइन्छ र उल्लिखित दुवै उपन्यासहरूमा आञ्चलिक वातावरणको वर्णन र स्थानीय बोलीको बाहुल्य रहेको छ।[१०] जर्ज इलियटको **एडम वीड** (सन् १८५६) उपन्यासमा इङ्गल्याण्डको स्टेफर्डशायर र डर्बीशायर क्षेत्रका ग्रामीण जन-जीवनको चित्रण-वर्णन पाइन्छ; उनैको **रामोला** (सन् १८६३) उपन्यासको कथावस्तु इटलीको नवजागृतिसित सम्बन्धित छ भने **मिडल मार्च** (सन् १८७२) उपन्यासमा सन् १८३२ पूर्वको इङ्गल्याण्डको ग्रामीण जीवनको सूक्ष्म वर्णन पाइन्छ।

---

९. ह. के. कडवे, **हिन्दी उपन्यासों में आञ्चलिकता की प्रवृत्ति**; अन्नापूर्ण प्रकाशन, गान्धीनगर, कानपुर; सन् १९७८; पृ० ९८।

१०. विलबर एल. क्रस; पूर्ववत्; पृ० २३२-२३३।

जर्ज इलियट पछि अङ्ग्रेजी साहित्यमा आञ्चलिक प्रवृत्तिलाई विकसित गराउने कार्यमा थोमस हार्डी (सन् १८४०-१९२८) को उल्लेखनीय भूमिका रहेको छ। उनका **अण्डर द ग्रीनउड ट्री** (सन् १८७२), **फार फ्रम द मडिङ्ग क्राउड** (सन् १८७४), **रिर्टन अफ् द नेटिभ** (सन् १८७८), **द वुडलेण्डर्स** (सन् १८८७), **टेस अफ् द डरवसविले** (सन् १८९१) **जूड द अब्स्क्योर** (सन् १८९५)- बहुचर्चित उपन्यास हुन्। हार्डीले आफ्ना उपन्यासहरूमा मूलतः इङ्गल्याण्डको वेसेक्स प्रदेश अन्तर्गत पर्ने हेम्पशायर, विल्टशायर, सोमरसेटशायर, डार्सेटशायर, डेवनशायर, कार्नवाल आदि स्थानहरूका कृषक, गोपालक, भेड़ी गोठालाहरूको लोक जीवन, लोक विश्वास, लोक परम्परा, लोक संस्कृति, जलवायु आदिको सजीव चित्रण-वर्णन गरेको पाइन्छ। उनका कृतिहरूमा स्थानीय बोलीको पनि उल्लेखनीय प्रयोग भएको छ। अर्नाल्ड बनेट (सन् १८६७-१९३१)-का **अन्ना अफ् द फाइभ टाउन्स** (सन् १९०२), **द ओल्ड बाईव्स टेल** (सन् १९०८) **क्लेहंगर** (सन् १९१०), **हिल्डा लेसबेज** (सन् १९११) आदि उपन्यासहरूमा आञ्चलिक प्रवृत्तिको निर्वाह भएको पाइन्छ तापनि उनी हार्डी भन्दा केही भिन्न देखिन्छन्। हार्डीले आफ्ना उपन्यासमा वेसेक्स प्रदेशको मात्र वर्णन गरेर त्यसैद्वारा मानव जीवनको प्रतीकात्मक चित्रण गरेका छन् भने बनेटले आफूले वाल्यावस्था र युवावस्थामा बिताएका इङ्गल्याण्डका कतिपय क्षेत्रहरूलाई आफ्ना उपन्यासहरूको पृष्ठभूमि बनाएका छन्। उनमा उन्नाइसौं शताब्दीका फ्रान्सेली उपन्यासकार मोपासाँ, फ्लोवेर, बाल्जाक आदिका यथार्थवादको पनि प्रभाव परेको पाइन्छ।

यसरी अङ्ग्रेजी उपन्यास साहित्यमा मेरिया जडवर्थबाट प्रारम्भ भएको आञ्चलिक प्रवृत्तिको परम्परालाई स्कट, ब्रण्टी, इलियट, हार्डी, बनेट जस्ता उपन्यासकारहरूले विकास गर्दै लगेको देखिन्छ। यसका अतिरिक्त एन्थोनी ट्रोलोपको **वार्चेस्टर सीरीज**-का उपन्यासहरू र **एमिली ब्रण्टीको वुदरिङ्ग हाइटस्** जस्ता उपन्यासहरूले पनि अङ्ग्रेजी आञ्चलिक उपन्यासलाई समृद्ध बनाउनमा थप सहयोग पुऱ्याएका छन्।

(ख) अमेरिकी आञ्चलिक उपन्यास

अमेरिकी उपन्यास साहित्यमा 'नोवल अफ् द सोअल्' भनेर उपन्यासको एउटा छुट्टै वर्गलाई स्वीकृति दिइएको छ र यस किसिमका रचनामा अति दूरवर्ती क्षेत्र वा आदिवासी अथवा जनजातिहरूको जीवन चित्रित गरेको पाइन्छ अनि यस किसिमका रचनाहरूलाई

आञ्चलिकताकै एउटा विशेष श्रेणी वा वर्ग पनि मानिएको छ।[११] अमेरिकी उपन्यासमा आञ्चलिक प्रवृत्तिको सुदृढ अनि समृद्ध परम्परा रहेको देखिन्छ। उत्तर अमेरिकाको अपेक्षा कृषिप्रधान दक्षिण अमेरिकाबाट प्रकाशित उपन्यासहरूमा आञ्चलिक प्रवृत्तिका नयाँ-नयाँ स्वरूप देख्न पाइन्छ। अठाह्रौं शताब्दीको उत्तरार्धमा अमेरिकी कथा साहित्यमा चलेको 'रीजनलिजम्' आन्दोलनको फलस्वरूप देश-काल र वातावरणको प्रधानता स्वीकार गर्ने 'रीजनल नोवल्स' नामद्वारा एउटा अलग्गै कोटिको औपन्यासिक परम्पराको पनि शुरूवात भएको थियो भन्ने जवाहर सिंहको विचार छ।[१२] अठाह्रौं शताब्दीको उत्तरार्धमा नै बिट हार्टको **एफिलिस अफ् साराज, द एनसेस्टर्स अफ् पीटर आथरली**; ह्यारिएट वीयर स्टोको **ओल्ड टाउन अक्** जस्ता स्थानीय रङ्ग प्रयोग गरेर लेखिएका उपन्यासहरू प्रकाशित भइसकेका थिए। आञ्चलिक उपन्यासको विकासमा प्रशस्त प्रभाव पार्ने उपन्यासकार स्टोको **अङ्कल टम्स क्याबिन** (सन् १८५२) उपन्यासले नीग्रो जातिको अधिकार सम्बन्धी समस्यालाई ज्वलन्त रूपमा प्रस्तुत गरेको पाइन्छ। अमेरिकी गृह युद्धको एक पक्षलाई लिएर लेखिएको प्रस्तुत उपन्यासले अमेरिकी उपन्यास विधाको सशक्तता र मौलिकतालाई अन्तर्राष्ट्रिय स्तरमा स्वीकृति प्रदान गराउन सकेको कुरो यहाँ उल्लेखनीय छ।[१३] हुनत यसै शताब्दीका जर्ज वाशिंगटन केवल, इगल्सटन, च्याण्डलर हेरिस, सिड्नी पोर्टर आदिका उपन्यासहरूमा पनि स्थानीय रङ्गको प्रयोग नपाइने त होइन; तर सन् १८६६ मा सराह ओर्न जेवेटले **द कण्ट्री अफ् द प्वाइण्टेड पार्स** उपन्यास लेखेर अमेरिकी उपन्यास साहित्यमा आञ्चलिकताको स्वरूप परम्परालाई अगाड़ि बढ़ाएको पाइन्छ।

प्रथम विश्वयुद्धपछि अमेरिकी उपन्यास साहित्यमा मार्क ट्वेन (सन् १८३५-१९१०), विला केथर (सन् १८७६-१९४७), ओ० ई० रोल्वांग (सन् १८७६-१९३१), विलियम फक्नर (सन् १८९७-१९६२), रास् लकरिज (सन् १९१४-१९४८), विलियम डिन हेवेल्स, हेनरी जेम्स स्टेनबेक, लुई सिंक्लेयर जस्ता सशक्त उपन्यासकारहरू देखा परे। **द एड्भन्चर्स अफ् टम सयर** (सन् १८७६), **लाइफ अन द मिसिसिपी** (सन् १८८३), **द एड्भन्चभ अफ् हकलवेरि फिन्** (सन् १८८५) जस्ता उपन्यासहरू लेखेर मार्क ट्वेनले अमेरिकी उपन्यास

---

११. ह. के. कडवे, पूर्ववत्; पृ० १६।
१२. जवाहर सिंह, पूर्ववत्; पृ० ५२।
१३. पोषण पाण्डे (आयोजक), **विश्व साहित्यको रूपरेखा**; ने०रा०प्र०प्र० काठमाडौं; वि०सं० २०३०; पृ० ७१।

साहित्यमा आफ्नो युग, समय र चेतनालाई शाश्वत गराएका छन् भन्ने कुरो उल्लेख गरिएको पाइन्छ।[१४] ट्वेनको **लाइफ अन द मिसिसिपी** (सन् १८८३) प्रसिद्ध आञ्चलिक उपन्यास मानिन्छ र यस उपन्यासमा मिसिसिपी नदीको किनारमा बसोबासो गर्ने मानिसहरूको जीवनको विशद् चित्रण-वर्णन हुन सकेको छ। विला केथर (सन् १८७६-१९४७) ले अमेरिकाको नेब्रास्का क्षेत्रको जनजीवनलाई लिएर **ओ पायोनियर्स** (सन् १९१३) **माय अन्टोनिया** (सन् १९१८) **लास्ट लेडी** (सन् १९२३) जस्ता उपन्यासहरू लेखेकी छन्। यस्तै प्रकारले ओ०ई० रोल्वाग (सन् १८७६-१९३१) ले अमेरिकाको डाकोटा क्षेत्रको जनजीवनलाई लिएर **जाएन्टस इन द अर्थ** (सन् १९२४-२५) र **पेडर विक्टोरियन्स** (सन् १९२३) अनि लकरिज (सन् १९१४-४८) ले अमेरिकाको इण्डिआना क्षेत्रलाई लिएर **रेन ट्री कन्ट्री** नामक उपन्यास लेखेका छन्। लकरिजले उनका उपन्यासमा लगभग पचास वर्षको अमेरिकाको इतिहास अनि लोक जीवनलाई प्रस्तुत गरेका छन्। सन् १९४९ का नोवल पुरस्कार विजेता विलियम फक्नर (सन् १८९७-१९६२) ले आफ्ना अनेकन उपन्यास कृतिहरूमा अमेरिकाको दक्षिण क्षेत्रका निवासीहरूको यथार्थ चित्रण गरेका छन् र तीमध्ये **द साउण्ड एण्ड द फ्युरी** (सन् १९२९), **अज आय ले डाइङ्** (सन् १९३०), **सन्क्च्युरी** (सन् १९३१), **लाइट इन अगस्ट** (सन् १९३२) आदि उल्लेखनीय छन्।

यसरी यूरोपीय अङ्ग्रेजी औपन्यासिक परम्पराको अनुकरण-अनुसरण गर्ने प्रवृत्ति त्यागी अमेरिकी उपन्यासकारहरूले प्राकृतिक, भौगोलिक र भाषिक भिन्नता, नव संस्कृति अनि नव राष्ट्र निर्माणको आकाङ्क्षा, कृषक जीवनको वर्णन-चित्रण आदिलाई प्रमुखता दिएर अमेरिकी उपन्यास साहित्यमा आञ्चलिक प्रवृत्तिलाई भित्र्याएको र यसको विकासमा महत्वपूर्ण योगदान दिएको देखिन्छ।

(ग) रूसी आञ्चलिक उपन्यास

रूसी साहित्यमा आञ्चलिक प्रवृत्तिको प्रारम्भ उन्नाइसौं शताब्दीको उत्तरार्धमा भएको थियो भने बीसौं शताब्दीको शुरूवातमा यस प्रवृत्तिको सन्तोकजनक विकास हुन सकेको देखिन्छ। कलात्मकताका दृष्टिले पनि यो समय उल्लेखनीय बन्न सकेको बोध हुन्छ। यस समयमा खासगरी रूसी यथार्थवादी उपन्यास कृतिहरूमा यस प्रवृत्तिले विकास गर्ने अवसर

१४. पोषण पाण्डे (आयोजक), पूर्ववत्; पृ० ७२।

पाएको देखिन्छ।

रूसी उपन्यास साहित्यका यथार्थवादी उपन्यासकारहरूमध्ये पुश्किन, निकोलाई गोगोल, लर्मान तोब्ह, तुर्गनेव आदि उल्लेखनीय छन्। तुर्गनेव (सन् १८१८-८६) ले **फादर्स एण्ड सन्स** (सन् १८६२) उपन्यासमा रूसका किसानहरूको तत्कालीन स्थितिको यथार्थ चित्रण गरेका छन् भने **ह्विर्जिन साइले** (सन् १८७६) उपन्यासमा रूसी क्रान्तिपूर्वको जन-जीवन अनि उनीहरूको परम्परा, विश्वास, रहन-सहन, खान-पान आदिको चित्रण-वर्णन गरेको पाइन्छ। फियोडोर दोस्तोविस्की (सन् १८२१-१८८१) लोक जीवन तथा लोक धारणाका प्रतिनिधि उपन्यासकार मानिन्छन्। **पूअर पिपल** (सन् १८४८), **गम्बलर** (सन् १८६६), **द क्राइम एण्ड पनिश्मेण्ट** (सन् १८६६), **पजेस्ड** (सन् १८६७) आदि उपन्यासहरूमा उनले शोषित, पीड़ित, दलित अनि अपराधी एवं उपेक्षित जनताको जीवनलाई आधार बनाएर उनीहरूको सामाजिक, आर्थिक समस्या, लोक परम्परा, विश्वास एवं मान्यता आदिको प्रभावी चित्रण-वर्णन गरेको पाइन्छ। काउण्ट लियो टल्सटय (सन् १८२८-१९१०) ले पनि कृषक अनि श्रमिकहरूलाई विषयवस्तु बनाएर कतिपय उपन्यासहरू रचना गरेका छन् र आञ्चलिक प्रवृत्तिका दृष्टिले उनको **द कासक्स** (सन् १८६३) उपन्यास महत्त्वपूर्ण मानिन्छ। यस उपन्यासमा कज्जाक जातिको जीवनको वास्तविक चित्रण-वर्णन एवं विवरण पाइन्छ। कज्जाक जातिको वैवाहिक पद्धति, लोक परम्परा, रीति-रिवाज, उत्सव आदिको वर्णनले उपन्यास सजीव भएको छ।[१५] मेक्सिम गोर्की (सन् १८६८-१९३६) श्रेष्ठ एवं विश्व प्रसिद्ध रूसी उपन्यासकार हुन्। उनले आफ्ना उपन्यासमा रूसी क्रान्तिपूर्वको समाज-व्यवस्था एवं जन-जीवनको वर्णन गरेका छन्। आधुनिक रूसी उपन्यासकारहरूमा मिखाइल शोलोखोभ विशेष प्रसिद्ध छन्। उनको **एण्ड क्वाइट फ्लोज द डन्** (सन् १९२८) प्रसिद्ध आञ्चलिक उपन्यास हो। प्रस्तुत उपन्यासमा डन नदीका किनारको टाटार्स्क क्षेत्रमा बसोबासो गर्ने कज्जाक जातिका मानिसहरूको जीवन, उनीहरूको रीति-रिवाज, प्रथम विश्वयुद्धमा कज्जाकहरूको भूमिका, रूसको अक्टोबर क्रान्ति (सन् १९१७) र तत्पश्चात्का घटनाहरूप्रति उनीहरूको व्यावहारिक दृष्टिकोण आदिको चित्रण-वर्णन गरिएको छ भने उनैको अर्को उपन्यास **डन् फ्लोज होम टू द सी** (सन् १९३३-३८) मा पनि कज्जाक जनजीवनकै चित्रण पाइन्छ। विश्व साहित्यको अनेक भाषाहरूमा रूसी उपन्यासहरू अनुवाद भएका छन्। यसैले रूसी उपन्यास

---

१५. ह. के. कडवे, पूर्ववत्; पृ० ११८।

साहित्यमा पाइने आञ्चलिक प्रवृत्तिको प्रभाव बङ्ला, हिन्दी, नेपाली भाषाका उपन्यास साहित्यमा पनि परेको पाइन्छ।

३.३. भारतीय साहित्यमा आञ्चलिक उपन्यासको प्रयोग-परम्परा

(क) बङ्ला आञ्चलिक उपन्यास

अठाह्रौं शताब्दीको उत्तरार्धमा बङ्गालमा अङ्ग्रेजहरूको शासन-सत्ता कायम भएपछि कलकत्ता प्रशासन, वाणिज्य अनि साहित्यको पनि केन्द्र स्थल बन्यो। सन् १८०० मा विलियम केरी, विलियम वार्ड, जोशुआ मर्शिमनद्वारा सेरामपुरमा ईसाईहरूको व्याप्टिष्ट मिशन स्थापना हुनु बङ्गालको सांस्कृतिक इतिहासमा एउटा महत्वपूर्ण घटना थियो। मिशनरीहरूले जनतामा ईसाई मत प्रचारका निम्ति साहित्यलाई माध्यम बनाए। फोर्ट विलियम कलेज (सन् १८००), कलकत्ता स्कूल बुक सोसाइटी (सन् १८१७), हिन्दू कलेज (सन् १८१७), सेरामपुर कलेज (सन् १८१८) आदिको स्थापना कार्यले बङ्गालमा र खासगरी कलकत्तामा शिक्षा, साक्षरता, अध्ययन अध्यापनका क्षेत्रमा अभूतपूर्व उत्साहको लहर चलेको थियो। सेरामपुर मिशन र फोर्ट विलियम कलेजले बङ्ला गद्य साहित्यको विकासमा महत्वपूर्ण भूमिका वहन गरेको कुरो साहित्येतिहासकार सुकुमार सेनले पनि स्वीकारेका छन्।[१६]

कुनै पनि भाषाका गद्य साहित्यको विकासमा पत्र-पत्रिकाहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गरेका हुन्छन्। १९ औं शताब्दीको प्रथमार्धमा **बङ्गाल ग्याजेट** (सन् १८१८), **समाचार दर्पण** (सन् १८१८), **सम्वाद कौमुदी** (सन् १८२०), **बङ्गदूत** (सन् १८२९), **सम्वाद प्रभाकर** (सन् १८३१), **विविधार्थ संग्रह** (सन् १८५१) जस्ता बङ्ला भाषाका विभिन्न मासिक, पाक्षिक, साप्ताहिक पत्र-पत्रिकाहरूले तथा संस्कृत, फारसी, अङ्ग्रेजी आदि भाषाहरूबाट बङ्लामा अनुवाद गरिएका विविध विषयका ग्रन्थहरूले एवं स्कूल, कलेजका निम्ति तयार पारिएका पाठ्य पुस्तकहरूले पनि बङ्ला गद्यको परिस्कृति र परिमार्जनमा प्रशस्तै सहयोग पुऱ्याएको पाइन्छ।

---

१६. सुकुमार सेन, **बङ्ला साहित्यका इतिहास**; साहित्य अकादमी, नई दिल्ली; सन् १९७८; पृ० १९८।

प्राचीन कालदेखि नै छन्दोवद्ध लोक कथा एवं पद्य र गद्य मिश्रित गाथाहरूको प्रचलन रहेको बङ्ला साहित्यमा अठाह्रौं शताब्दीतिर भरतचन्द्रको **विद्या सुन्दर, कामिनी कुमार** जस्ता काव्यात्मक गाथाहरू रचिएका देखिन्छन् र १६ औं शताब्दीमा आइपुग्दा गद्याख्यान अन्तर्गत **बाबुर उपाख्यान** (सन् १८२१), **नवबाबु बिलास** (सन् १८२५), **आलालेर घरेर दुलाल** (सन् १८५८) प्रभृति आख्यानात्मक कृतिहरू प्रकाशित भएका पाइन्छन्। यी आख्यानात्मक कृतिहरू बङ्ला उपन्यास साहित्यका प्रारम्भिक चेष्टा वा नमूना मानिएका छन्।

भूदेव मुखर्जी (सन् १८२५-६४)-लिखित **अङ्गुरीय विनिमय** (सन् १८६२) बङ्ला साहित्यको पहिलो ऐतिहासिक उपन्यास मानिएको छ र उनका यस्ता ऐतिहासिक उपन्यासहरूले परवर्तीकालीन कृतिहरूका निम्ति अनुकूल पटभूमि तयार गरिदिनका साथै उपन्यासकार बङ्किमचन्द्र चटर्जीको पहिलो पूर्णाङ्ग कृति **दुर्गेशनन्दिनी** (सन् १८६५)-का निम्ति आवश्यक रूपरेखा पनि प्रदान गरेको छ भन्ने भनाइ छ।[१७] बङ्किमचन्द्र (सन् १८३८-६४) ले साहित्यमा पदार्पण गर्न् अघि नै बङ्ला गद्यले परिष्कृत र परिमार्जित रूप ग्रहण गरिसकेको थियो र बङ्किमचन्द्रले विभिन्न विषयमा लगभग डेढ़ दर्जन जति उत्कृष्ट उपन्यासहरू रचना गरेर बङ्ला साहित्यलाई धनी बनाएका छन्। धरती प्रतिको माया, स्वदेश प्रेम, जातीय गौरव, शक्तिको उपासना, लोक-विश्वास, लोक जीवनको चित्रण-वर्णन आदि बङ्किमचन्द्रका उपन्यासका मुख्य विशेषताहरू हुन्। बङ्किमचन्द्रपछिका उल्लेखनीय उपन्यासकार प्रतापचन्द्र घोष हुन् र उनको चर्चित उपन्यास **बङ्गाधिप पराजय** (दुइ खण्ड, सन् १८६६-८४) को विषयवस्तु ऐतिहासिक भए तापनि यसमा उपन्यासकारले सत्रौं शताब्दीको बङ्गालको वातावरणलाई पुनः सृजन गर्नका निम्ति स्थानीय रङ्गको प्रयोग गरेका छन्। बङ्किमचन्द्रपछि प्रभात कुमार, श्रीषचन्द्र मजुमदार, जलधर, मनोमोहक चट्टोपाध्याय, शिवनाथ शास्त्री जस्ता सामाजिक उपन्यासकार अनि प्रतापचन्द्र घोष, रमेशचन्द्र दत्त, राखालदास बन्दोपाध्याय आदि ऐतिहासिक उपन्यासकारहरूले उनीहरूका रचना-कृतिहरूमा एकाध ठाउँमा यथार्थ चित्रण, लोक जीवनको चित्रण, प्रकृति वर्णन, लोकभाषाको प्रयोग गरेको पाइन्छ तापनि बङ्ला साहित्यमा यथार्थवादी उपन्यास नलेखिएसम्म आञ्चलिक प्रवृत्तिको उल्लेखनीय विकास हुन सकेको देखिन्न।

---

१७. सुकुमार सेन, पूर्ववत्; पृ० २११।

बङ्ला उपन्यास साहित्यमा यथार्थवादी प्रवृत्तिको उद्घाटन सर्वप्रथम शरत्चन्द्र चट्टोपाध्याय (सन् १८७८-१९३८)-का उपन्यासहरूमा हुन सकेको देखिन्छ। यिनका प्रारम्भिक रचनाहरूमा बङ्किमचन्द्रको प्रभाव स्पष्ट देखिए तापनि उनी खासगरी निम्नमध्यम वर्गीय ग्रामीण समाजको चित्रण गर्नमा खप्पीस छन् र उनले विभिन्न सामाजिक विषयवस्तुमा आधारित लगभग दुइ दर्जन उपन्यासहरूको रचना गरेको पाइन्छ। शरत्चन्द्रका **अरक्षणीया** (सन् १९१६), **पल्ली समाज** (सन् १९१६), **वामुनेर मेये** (सन् १९२०) आदि उपन्यासहरूमा सामाजिक अन्याय, अत्याचार र उत्पीड़नहरूको विरोध गर्दै यथार्थवादी दृष्टिभङ्गी ग्रहण गरिएको छ र परवर्तीकालीन उपन्यासकारहरूलाई यसले निकै प्रभाव पारेको देखिन्छ। यही यथार्थवादी दृष्टिभङ्गी ग्रहण गरी शैलजानन्द मुखोपाध्याय, ताराशङ्कर बन्दोपाध्याय, विभूतिभूषण बन्दोपाध्याय, मानिक बन्दोपाध्याय, सतीनाथ भादुड़ी, अद्वैतमल्ल वर्मन, समरेश बसु, प्रफुल्ल राय प्रभृति उपन्यासकारहरूले बङ्ला आञ्चलिक उपन्यासको उन्मेषमा उल्लेखनीय योगदान दिएका छन्। बङ्ला साहित्यका थालनीका उपन्यासहरूमा यथार्थवादी प्रवृत्ति सुप्त अवस्थामा रहेको भए तापनि शरत्चन्द्रका उपन्यासहरूबाट नै यस प्रवृत्तिको विकास भएको र त्यसपछि मात्र विशिष्ट जीवनको चित्रण गर्ने आञ्चलिक वा वृत्ति जीवनमूलक उपन्यासहरू लेखिन थालिएको कुरो प्रकाशमा आएको छ।[१८] यस किसिमका कृत्तिहरूमा अपरिचित, रहस्यमय र सुदूर प्रान्तीय अञ्चलको विशिष्ट जनजीवन, सामाजिक रीति-थिति, धर्म-विश्वास एवं कुनै जाति वा गोष्ठीको विशिष्ट जीवनको सम्पूर्ण चित्रण गर्ने प्रयास भएको पाइन्छ।

शरत्चन्द्रपछिका शैलजानन्द मुखोपाध्याय (सन् १९०१-१९७६) ले **कोयलाकुटि** (सन् १९३०), **दिनमजुर** (सन् १९३२) आदि उपन्यासहरूमा कोइला खानीमा काम गर्ने सतार (सन्थाल) मजदूरहरूको जीवन, रीतिथिति, उत्सव-अनुष्ठान, धर्म-विश्वास र तिनीहरूको समाजमा पाइने स्वतन्त्र प्रणय-लीला आदिको चित्रण-वर्णन गरेका छन् र बङ्ला साहित्यमा आञ्चलिक गद्याख्यान लेखनको शुरूवात शैलजानन्दले गरेका हुन् भन्ने डा. सुकुमार सेनको मत रहेको छ।[१९]

---

१८. श्रीकुमार बन्दोपाध्याय, **बङ्ग साहित्येर उपन्यासेर धारा** (आठौं सं०); मर्डन बुक एजेन्स प्र० लि०, कलकत्ता; सन् १९८८; पृ० ७६३।

१९. सुकुमार सेन, पूर्ववत्; पृ० ३२४।

विभूतिभूषण बन्दोपाध्याय (सन् १८९४-१९५०)-ले **पथेर पाँचाली** (सन् १९२९), **अपराजिता** (सन् १९३२), **दृष्टि प्रदीप** (सन् १९३५), **आरण्यक** (सन् १९३८), **आदर्श हिन्दु होटल** (सन् १९४०), **विपिनेर संसार** (सन् १९४१), **देवयानी** (सन् १९४४), **इच्छामती** (सन् १९४६) आदि विविध विषयका उपन्यासहरू लेखेका छन्। उनका **पथेर पाँचाली** र **अपराजिता**-मा निश्चिन्दिपुर गाउँका मध्यमवर्गीय परिवारको सङ्घर्षपूर्ण जीवनको सजीव र रोचक चित्रण पाइन्छ भने **आरण्यक** उपन्यासमा चाहिँ बिहार राज्य अन्तर्गत भागलपुर जिल्लाको अरण्यक अञ्चलमा बसोबासो गर्ने आदिवासीहरूको कष्टमय र सङ्घर्षमय जीवन एवं तिनीहरूमा पाइने जाति-भेद प्रथाको चित्रण रहेको छ। **इच्छामती** उपन्यासमा यसै नामको नदी किनारका बासिन्दाहरूको जीवन चित्रित छ।

यस्तै आञ्चलिक प्रवृत्तिलाई अँगालेर उपन्यास रचना गर्नेहरूमा वीरभूम (पश्चिम बङ्गाल)-का वासिन्दा ताराशङ्कर बन्दोपाध्याय (सन् १८९८-१९७१) उल्लेखनीय छन्। यिनले बीसभन्दा पनि अधिक उपन्यास लेखेर बङ्ला साहित्यलाई धनी तुल्याएका छन्। यिनका उपन्यासहरूमध्ये **चैताली घूर्णि** (सन् १९२९), **नीलकण्ठ** (सन् १९३३), **आगुन** (सन् १९३६), **यात्री देवता** (सन् १९३९), **कालिन्दी** (सन् १९४०), **आरोग्य निकेतन** (सन् १९५२), **गणदेवता** (सन् १९४२), **पञ्चग्राम** (सन् १९४४), **हाँसुलि बाँकेर उपकथा** (सन् १९४७) उल्लेखयोग्य छन्। प्राचीन कालदेखि नै बङ्गाल राड़, गौड़, ताम्रलिपु, समतट, बङ्ग प्रभृति जनपदहरूमा विभक्त भएको थियो र अहिलेका वीरभूम, बाँकुड़ा, वर्द्धमान, हुगली आदि जिल्लाको भूभाग 'राड़' नामले प्रसिद्ध थियो। ताराशङ्करका प्रायः सबै उपन्यासहरू राड़ क्षेत्रमा बसोबासो गर्ने विभिन्न जाति-उपजातिहरूको जीवनलाई लिएर लेखिएका पाइन्छन्। **गणदेवता, पञ्चग्राम** उपन्यासहरूमा सन् १९२२-३३ सम्मको वीरभूमको ग्राम्य जीवनको र **हँसुली बाँकेर उपकथा** मा राड़ अञ्चलका कहर जाति (डोले वा डोली बोक्ने पेशा भएका मानिसहरू)-को जीवन पद्धति, आर्थिक-सामाजिक अवस्था, तिनीहरूको लोक-विश्वास आदिको चित्रण पाइन्छ। वस्तुतः ताराशङ्करले आफ्ना उपन्यासहरूमा कहर, डुम, सन्थाल (सतार), सँपेरा, भल्ला इत्यादि जाति-उपजातिहरूको चित्रण-वर्णन गरेर बङ्ला उपन्यास साहित्यलाई ग्रामीण जीवनको अति निकट पुऱ्याउन सकेका थिए एवं कुनै निर्दिष्ट अञ्चललाई पटभूमि तुल्याई तिनमा आञ्चलिक प्रवृत्तिको विकास गराउन सकेका थिए भन्न सकिन्छ।

आफ्नो साहित्यिक जीवन फ्रायडीय मनोविज्ञानबाट शुरू गरेर अन्तमा मार्क्सीय

साम्यवादमा समाहित गर्ने माणिक बन्दोपाध्याय (सन् १९०८-५६) को साहित्यिक जीवनका प्रथम दशवर्ष अनि अन्तिम दश वर्ष विपरीतधर्मी रहेको छ।[२०] तापनि यिनका **पद्मा नदीर माझी** (सन् १९३६), **हलुद पादो** (सन् १९४५), **सबुज बन** (सन् १९५६), **पुतुल नाचेर इतिकथा** (सन् १९५६) आदि चर्चित उपन्यासहरूलाई आञ्चलिक प्रवृत्तिका उपन्यासका लहरमा राख्न सकिन्छ।

सतीनाथ भादुड़ी (सन् १९०६-६०) ले बिहारको पूर्णिया जिल्लाका विभिन्न जात-गोष्ठीहरूलाई लिएर रचना गरेको **ढोंढाई चरित मानस** (पहिलो खण्ड सन् १९४९, दोस्रो खण्ड सन् १९५१)- कै प्रभाव स्वरूप हिन्दी साहित्यमा फणीश्वरनाथ रेणुले **मैला आँचल** (सन् १९५४) जस्तो प्रसिद्ध आञ्चलिक उपन्यासको रचना गरेको हुन भन्ने नगिना जैनको भनाइ छ।[२१] भादुड़ीका उपन्यासहरूको विषयवस्तु राजनैतिक भए तापनि उपन्यासमा वर्णित कथाभूमिको भौगोलिक वातावरण, त्यहाँका बासिन्दाहरूको पारस्परिक सम्बन्ध र तिनीहरूको आर्थिक, सामाजिक एवं राजनैतिक जीवनको परिचय पाइन्छ र तिनमा स्थानीय बोलीको पनि उल्लेखनीय प्रयोग गरिएको छ।

भारतको पूर्व सीमान्तमा बसोबासो गर्ने नागा जातिको जीवनलाई लिएर लेखिएको प्रफुल्ल रायको **पूर्व पार्वती** (सन् १९५७)-लाई विशुद्ध आञ्चलिक उपन्यास मानिन्छ[२२] र यस कृतिमा नागा जातिमा पाइने आदिम संस्कार, धर्म, विश्वास, युगौंदेखि निर्धारित रीतिको पालन, पर्व-उत्सव, यौन स्वतन्त्रता र त्यहाँको प्रकृति वर्णन आदि प्रस्तुत गरिएको छ भने उनैको अर्को उपन्यास **सिन्धु पारेर पाखी** (सन् १९५९)-मा चाहिँ अन्दामान द्वीपको कारागारमा बन्दी भएका बन्दीहरूको जीवन चित्रण गरिएको छ। यसका अतिरिक्त अद्वैत मल्ल वर्मनको **तितास एकटी नदीर नाम** (सन् १९५६) मनोज बसुको **जलजङ्गल र बन केटे बस्ती**, समरेस बसुको **गङ्गा** आदि आधुनिक बङ्ला उपन्यासहरू आञ्चलिक प्रवृत्ति अँगालेर लेखिएका उल्लेखनीय कृति हुन्।

---

२०. अरूप कुमार भट्टाचार्य, **आञ्चलिकताः बाङ्ला उपन्यास**; अमर्त्य प्रकाशन, कलकत्ता; १९८७; पृ० ६७।

२१. नगीना जैन, **आञ्चलिकता और हिन्दी उपन्यास**; अक्षर प्रकाशन, नई दिल्ली; सन् १९७६; पृ० ११५।

२२. श्रीकुमार बन्दोपाध्याय, पूर्ववत्; पृ० ७७३।

यसरी अध्ययन-अनुशीलन गरेर हेर्दा बङ्ला उपन्यास साहित्यमा यथार्थवादी प्रवृत्ति मूलतः शरत्चन्द्रबाट एवं सामाजिक यथार्थवादी प्रवृत्ति शैलजानन्द मुखोपाध्यायबाट शुरू भएको देखिन्छ। उपन्यासमा आञ्चलिक प्रवृत्ति यथार्थवादबाटै छुट्टिएको एउटा विशिष्ट धारा वा प्रवृत्ति हो। भारतीय उपन्यास साहित्यको सन्दर्भमा आञ्चलिक प्रवृत्ति अँगालेर सर्वप्रथम बङ्ला भाषामा नै उपन्यास लेखिएका देखिन्छन् र बङ्ला साहित्यबाटै विस्तारै भारतीय भाषाका अन्य साहित्यमा यो प्रवृत्ति प्रवेश गरेको बुझिन्छ।

(ख) हिन्दी आञ्चलिक उपन्यास

हिन्दी उपन्यासको उद्भव उन्नाइसौं शताब्दीको उत्तरार्धमा भएको हो र प्रेमचन्द पूर्वका लाला श्रीनिवास दास, पं० श्रद्धाराम फुल्लौरी, देवकीनन्दन खत्री, किशोरीलाल गोस्वामी, बलदेव प्रसाद मिश्र, शिवनारायण द्विवेदी, दुर्गा प्रसाद खत्री प्रभृति उपन्यासकारहरूले तिलस्मी-ऐय्यारी एवं जासुसी घटनाहरूको इतिवृतात्मक वर्णन तथा अमानवीय र अद्भूत घटनाहरूको प्रयोग गरेर प्रशस्त उपन्यास रचना गरेका छन्। त्यस समयका एकाध उपन्यासहरू भने ऐतिहासिक, सुधारवादी एवं उपदेशात्मक पनि रहेका छन्।

वस्तुतः प्रेमचन्दको आगमनपछि मात्रै हिन्दी उपन्यास यथार्थ धरातलमा ओर्लेर युगानुकूल विकासको पथमा अग्रसर भएको देखिन्छ। प्रेमचन्दले उनका दशवटा उपन्यासहरूमा मानव जीवन, मानव समाज अनि मानव समाजका प्रत्येक वर्गको वास्तविक स्वरूप प्रस्तुत गरेका छन् र उपन्यासलाई मानव जीवन र चरित्रसँग सम्बन्धित तुल्याएर मानिसका यथार्थरूपको अङ्कन गरेका छन्। प्रेमचन्दका प्रारम्भिक कालका उपन्यासहरू आदर्शोन्मुखी यथार्थवादी रहेका देखिन्छन् भने परवर्तीकालीन रचनाहरूमा {खासगरी **रङ्गभूमि** (सन् १९२४) देखि **गोदान** (सन् १९३६) सम्मका उपन्यासहरूमा}-आदर्शप्रतिको मोहभङ्ग भएको र यथार्थ स्थिति टड्कारो बन्न पुगेको देखिन्छ। उनले आफ्ना उपन्यासमा सामाजिक वातावरणलाई याथार्थिक ढङ्गमा अभिव्यक्ति दिनका निम्ति लोकाचार, लोक पद्धति, लोक विश्वास, अन्धविश्वास, पूजा-पर्व, वेश-भूषा, दैनन्दिन जीवनमा उपयोग गरिने वस्तुहरू, जनभाषा आदिको प्रयोग गरेका छन् र यस प्रकारको प्रयोग परवर्ती आञ्चलिक उपन्यासकारहरूका निम्ति उपजीव्य बनेको पाइन्छ भन्ने कला मेहताको

भनाइ छ।[२३] **गोदान** प्रेमचन्दको यथार्थवादी परम्पराको सर्वश्रेष्ठ रचना मानिन्छ र यस कृतिमा तत्कालीन भारतीय कृषक जीवनको सजीव अनि प्रभावोत्पादक चित्रण हुन सकेको छ। प्रस्तुत कृति कुनै निश्चित भौगोलिक अञ्चलमा आधारित नभए तापनि यसले ग्रामाञ्चललाई नै कथाभूमि बनाएको छ र धर्मभीरूता, अज्ञानता, आर्थिक विपन्नता आदि कारणले गाउँले जनजीवन र खास गरेर कृषक जीवनमा भइरहेको शोषण-दोहनका विरूद्ध आवाज उठाउनु नै यस उपन्यासको प्रमुख उद्देश्य हो भन्ने रणवीर रांग्राको विचार रहेको पाइन्छ।[२४] राधेश्याम कौशिक, डा० कान्ति वर्मा, डा० माखनलाल शर्मा प्रभृति समालोचकहरूले प्रेमचन्दका **प्रेमाश्रम** (सन् १९२२), **रङ्गभूमि** (सन् १९२४), **कर्मभूमि** (सन् १९३२), **गोदान** (सन् १९३६) आदि उपन्यासहरूमा आञ्चलिकताका केही तत्त्वहरू विद्यमान छन् भनेर चर्चा गरेको पाइन्छ। वस्तुतः **गोदान**-ले हिन्दी साहित्यमा आञ्चलिक उपन्यास लेखन परम्पराको पृष्ठभूमि तयार पार्न सहयोग पुऱ्याएको छ र परवर्तीकालीन हिन्दी आञ्चलिक गद्याख्यान रचनाका निम्ति यो कृति एक उपजीव्य ग्रन्थ बनेको बोध हुन्छ।

प्रेमचन्दपछि हिन्दी उपन्यास साहित्यको इतिहासमा वृन्दावनलाल वर्माको स्थान उल्लेखनीय छ र उनलाई हिन्दी उपन्यास साहित्यका 'वाल्टर स्कट' पनि भनिएको पाइन्छ।[२५] उनका **गढकुण्डार** (सन् १९२०), **विराटा की पद्मिनी** (सन् १९३०), **झाँसी की रानी लक्ष्मीबाई** (सन् १९४६), **कचनार** (सन् १९४७), **मृगनयनी** (सन् १९५०) आदि बुन्देलखण्डमा आधारित ऐतिहासिक विषय प्रधान रहेका उपन्यासहरू हुन्। वातावरणको वर्णन, भाषा-प्रयोग, पात्र-चित्रण र सामाजिक तथा सांस्कृतिक पक्षको उद्घाटन गर्नमा उनले खास गरी आञ्चलिक आधार लिएका छन् तथा उनका उपन्यासमा स्थानीय रङ्गको प्रयोग उल्लेखनीय रहेको छ।[२६] आफ्ना धेरजसो उपन्यास कृतिहरूमा उनले ऐतिहासिकतालाई सजीव र प्रामाणिक तुल्याउन बुन्देलखण्ड क्षेत्रको आञ्चलिक पीठिका ग्रहण गरेका छन् र हिन्दी आञ्चलिक उपन्यासलाई विकास गर्नमा उनका ऐतिहासिक उपन्यासहरूको महत्वपूर्ण भूमिका

---

२३. कला मेहता, **हिन्दी के आञ्चलिक उपन्यास**; विजय प्रकाशन मन्दिर, वाराणसी; सन् १९९२; पृ० २१।

२४. रणवीर रांग्रा, **समकालीन हिन्दी उपन्यास की भूमिका**; जगतराम एण्ड सन्स्, नई दिल्ली; सन् १९८६; पृ० ७१।

२५. ह. के. कडवे, **पूर्ववत्**; पृ० १३४।

२६. कला मेहता, **पूर्ववत्**; पृ० २३।

रहेको स्पष्ट हुन्छ। यसका अतिरिक्त शिवपूजन सहायको **देहाती दुनियाँ** (सन् १९२५), नागार्जुनको **रतिनाथ की चाची** (सन् १९४८), बलबन्त सिहँको **रात चोर और चाँद** (सन् १९४६) जस्ता स्थानीय रङ्गको प्रयोग भएका उपन्यासहरूले पनि हिन्दी आञ्चलिक उपन्यास लेखन परम्पराको विकासमा थप सहयोग पुऱ्याएका छन् र यस सन्दर्भमा स्थानीय रङ्ग प्रयोग गरिएका उपन्यास नै आञ्चलिक उपन्यासको पूर्व स्थिति हो भन्ने कला मेहताको मत प्रासङ्गिक रहेको छ।[२७]

हिन्दी उपन्यास साहित्यमा सर्वप्रथम फणीश्वरनाथ रेणुले आफ्नो उपन्यास **मैला आँचल** (सन् १९५४) लाई 'आञ्चलिक उपन्यास'-को संज्ञा दिएका छन्[२८] तथापि रेणुको **मैला आँचल** -प्रकाशित हुन अघि नै नागार्जुनको **बलचनमा** (सन् १९५२) जस्तो सशक्त आञ्चलिक उपन्यास प्रकाशित भइसकेको थियो। आत्मकथात्मक शैलीमा लेखिएको **बलचनमा** उपन्यासमा बिहार राज्य अन्तर्गत पर्ने दरभङ्गा जिल्लाको ग्रामीण जीवनको चित्रण पाइन्छ। आञ्चलिक प्रवृत्तिलाई लिएर लेखिएका नागार्जुनका उपन्यासहरूमध्ये **बाबा बटेसरनाथ** (सन् १९५४) र **वरूण के बेटे** (सन् १९५७) उल्लेखनीय रहेका छन्। नागार्जुनले उनका प्रायः सबै उपन्यासहरूमा मिथिला अञ्चलको ग्रामीण जन-जीवनका परम्परागत आस्था, विश्वास, संस्कृति, रहन-सहन, वेश-भूषा, खान-पान, बोली-चाली आदिको सजीव चित्रण प्रस्तुत गरेका छन्। यसका अतिरिक्त उनका उपन्यासमा लोक जीवनको आर्थिक, सामाजिक, राजनैतिक, नैतिक एवं धार्मिक समस्याहरूको यथार्थ उद्घाटन पनि हुन सकेको पाइन्छ।[२९] **वरूण के बेटे** उपन्यासमा बिहार राज्य अन्तर्गत दरभङ्गा जिल्लाको छेउछाउमा बस्ने जालहारीहरूको जीवन चित्रित भएको छ भने **बाबा बटेसरनाथ** उपन्यासमा यसै जिल्लाको रूपौली गाउँलाई कथाभूमि बनाइएको छ। कथनको सुनिश्चित क्रम, कथ्यको संक्षिप्त निरूपण, सजीव चित्रण, मार्मिक प्रसङ्ग तथा प्रगतिशीलता प्रतिको आग्रह र आञ्चलिक वातायन नागार्जुनका औपन्यासिक विशेषताहरू हुन्।

शिवप्रसाद मिश्र 'रूद्र' को **बहती गङ्गा** (सन् १९५२) उपन्यासमा सन् १७५० देखि

---

२७. कला मेहता, पूर्ववत्; पृ० २३।

२८. शशिभूषण सिंहल, **हिन्दी उपन्यास की प्रवृत्तियाँ**; विनोद पुस्तक मन्दिर, आगरा; सन् १९७०; पृ० २३।

२९. कला मेहता, पूर्ववत्; पृ० २८।

१९५० सम्मको काशीको समग्र चित्रण र त्यहाँको दुइ सय वर्षको आर्थिक, राजनैतिक, धार्मिक, सांस्कृतिक आदि पक्षहरूको पनि उद्घाटन हुन सकेको छ।

फणीश्वरनाथ 'रेणु' पूर्व नै हिन्दी उपन्यास साहित्यमा आञ्चलिक उपन्यासको दिशा निर्देशक एवं विधायक तत्वहरूको समावेश भएको पाइए तापनि खासगरी 'रेणु' को **मैला आँचल** (सन् १९५४) उपन्यासको प्रकाशन पछि नै हिन्दी उपन्यास साहित्यमा आञ्चलिक उपन्यासको स्वतन्त्र परम्परा स्थापित भएको मानिएको छ।[३०] **मैला आँचल**-को कथाक्षेत्र बिहार राज्यको पूर्णिया जिल्लाको मेरीगञ्ज गाउँ हो र प्रस्तुत कृति सन् १९४२-४८ का बीचका घटनामा आधारित छ। यसमा आञ्चलिक वातावरणलाई स्वाभाविकता प्रदान गर्न पात्रहरूको परम्परागत आस्था, विश्वास, लोक संस्कृति आदिको चित्रण गरिएको छ र लोक गीत, स्थानीय बोलीमा प्रस्तुत कथोपकथन अनि वातावरणको सजीव र स्वाभाविक वर्णनले उपन्यासको वैशिष्ट्यलाई उकासेको छ। समग्रमा भन्नु पर्दा सीमित आञ्चलिक दृष्टिकोण, सामूहिक चरित्र-चित्रण, यथार्थवादी दृष्टिकोण, वातावरणको प्रधानता, नवीन सामाजिक तथा राजनैतिक चेतना, स्थानीय बोली, फोटोग्राफिक शैली, लोक साहित्यको प्रयोग आदिले **मैला आँचल** एउटा श्रेष्ठ आञ्चलिक उपन्यास बन्न पुगेको छ भन्ने ह.क. कडवेको मत[३१] स्वीकार योग्य छ। 'रेणु' को दोस्रो उपन्यास **परती परिकथा** (सन् १९५७) बिहार राज्य अन्तर्गत परानपुर गाउँको पृष्ठभूमिमा रचिएको छ र यसमा भारत स्वतन्त्र भएपछि सन् १९५५ तिर त्यस गाउँमा भएका विभिन्न विकास एवं सुधार योजना अनि ग्रामीण जनतामा परेको यसको प्रतिक्रियालाई प्रमुख विषय बनाइएको पाइन्छ। उनले यस उपन्यासमा विवेच्य अञ्चलको सामाजिक, सांस्कृतिक, राजनैतिक, आर्थिक तथा लोक पक्षीय स्थितिहरूलाई प्रभावकारी रूपमा प्रस्तुत गर्नका साथ-साथै कृतिको शिल्प-पक्षको संवर्धनमा पनि विशेष ध्यान दिएका छन्।[३२] **जुलूस** (सन् १९६५), **दीर्घतपा** (सन् १ ९६३) 'रेणु' का अन्य उल्लेखनीय उपन्यास हुन्।

उदयशङ्कर भट्टको **सागर लहरें और मनुष्य** (सन् १९५५) र **लोक परलोक** (सन् १९५८) पनि प्रसिद्ध आञ्चलिक उपन्यास मानिन्छन्। **सागर लहरें औ मनुष्य**-मा बम्बई (हाल

---

३०. ह. के. कडवे, **पूर्ववत्**; पृ० २४४।
३१. ह. के. कडवे, **पूर्ववत्**; पृ० २५१।
३२. कला मेहता, **पूर्ववत्**; पृ० २६।

मुम्बई) महानगरको पश्चिमी तटमा अवस्थित बरसोबा गाउँ अनि त्यहाँ बसोबासो गर्ने 'कोली जाती'-लाई कथाको केन्द्र बनाइएको छ भने **लोक परलोक**-मा पश्चिमी उत्तर प्रदेशको तीर्थस्थल पद्मपुरी कथाञ्चल बनेको छ र यस कृतिमा खासगरी धर्मको नाममा गरिने पाखण्डी वृत्तिको उद्घाटन गरिएको छ।

रांगेय राघव हिन्दी साहित्यमा प्रसिद्ध प्रगतिवादी साहित्यकार मानिन्छन् र उनका उपन्यासहरूमा वर्ग-विषमता, सामाजिक विकृति, मानवीय कुरूपता विरूद्ध तीखो स्वर अभिव्यक्त भएको पाइन्छ। राघवका **काका** (सन् १९५३) र **कब तक पुकारूँ** (सन् १९५८) आञ्चलिक प्रवृत्तिका उपन्यास-कृति हुन्। **काका**- मा मथुरावासीको सामाजिक, धार्मिक, सांस्कृतिक पक्षहरूको चित्रण पाइन्छ भने **कब तक पुकारूँ**- मा राजस्थान अनि ब्रज प्रदेशको सीमान्तमा रहेको 'बैर' गाउँमा बस्ने 'करनट जाति'-को जीवन प्रस्तुत गरिएको छ। 'करनट' नट जातिकै एउटा उपजाति हो र यिनीहरूको जीवन पद्धति, नैतिक मान्यता, संस्कार, लोक परम्परा, यौन स्वच्छन्दता, आर्थिक दुरावस्था, सामाजिक भीरूता आदिको वर्णन गरिएको यस कृतिलाई विशिष्ट आञ्चलिक उपन्यास मान्न सकिन्छ।

देवेन्द्र सत्यार्थीको **ब्रह्मपुत्र** (सन् १९५६) उपन्यासमा असम प्रदेश भएर बग्ने ब्रह्मपुत्र नदीको किनारमा अवस्थित दिसाङ्मुख गाउँलाई कथाञ्चल बनाइएको छ। प्रस्तुत उपन्यासमा यस गाउँमा बस्ने विभिन्न जाति र तिनीहरूको व्यवसाय, जीवन सङ्घर्ष, दैनन्दिन जीवन चर्या, रीति-रिवाज, चाड़-पर्व, खान-पान, लोक गीत, लोक नृत्य आदिको चर्चा एवं चित्रण-वर्णन गरेर आञ्चलिक वातावरण निर्माणमा उपन्यासकार सफल भएका छन्। यस उपन्यासमा स्थानीय बोली अनि ब्रह्मपुत्र नदी सम्बन्धी विभिन्न किंवदन्ती एवं लोक कथाहरूको प्रयोग पनि प्रचुर मात्रामा भएको पाइन्छ। देवेन्द्र सत्यार्थीका अन्य उपन्यासहरू मध्ये केरेला प्रदेशको जनजीवनमा आधारित **दूधगाछ** (सन् १९५८), उड़िसा प्रदेशको धौली गाउँको चित्रण-वर्णन भएको **कथा कहो उर्वशी** (सन् १९६१), मध्य प्रदेशको करंझियाका गोंड जातिको सामाजिक-आर्थिक चित्रण-वर्णन गरिएको **रथ के पहिए** (सन् १९५०) आदि उल्लेखनीय रचनाहरू हुन्।

यसका अतिरिक्त छत्तिसगढ़ अनि मध्य प्रदेशको बस्तर जिल्लाका आदिवासीहरूका जन जीवनको चित्रण-वर्णन गरिएको राजेन्द्र अवस्थी 'तृषित' का **सूरज किरण की छाँव**

(सन् १९५९) र **जंगल के फूल** (सन् १९६०); गोरखपुर जिल्लाको पछाड़िएको अञ्चललाई लिएर लेखेको रामदरश मिश्र रचित **पानी के प्राचीर** (सन् १९६१); कुमाउँ क्षेत्रको लोक जीवनलाई लिएर लेखिएका शैलेश मटियानीको **हौलदार** (सन् १९६०) एवं **चिट्ठी रसैन** (सन् १९६१); बिहार राज्य अन्तर्गत सारण जिल्लाको देहाती लोक जीवनलाई लिएर लेखिएको हिमांशु श्रीवास्तवको **नदी फिर बह चली** (सन् १९६२), उत्तर प्रदेशको गाजीपुर जिल्लाको गंगौली गाउँका शिया मुसलमानहरूको आर्थिक, राजनैतिक र सामाजिक जीवनलाई लिएर लेखिएको राही मासूम रजाको **आधा गाँव** (सन् १९६६) आदि उपन्यासहरूले हिन्दी उपन्यासमा आञ्चलिक प्रवृत्तिलाई गति प्रदान गरेको देखिन्छ। बलभद्र ठाकुर, भैरव प्रसाद गुप्त, अमृतलाल नागर, शिव प्रसाद सिंह, बलवन्त सिंह प्रभृति लेखकहरूका उपन्यासहरूमा पनि थोरथोर मात्रामा आञ्चलिक उपन्यासका तत्त्वहरू पाइन्छन्।

वस्तुतः आञ्चलिक उपन्यासले हिन्दी उपन्यास साहित्यलाई एउटा नयाँ दिशा प्रदान गरेको छ र हिन्दी साहित्यमा अञ्चल-विशेष वा जाति-विशेषलाई आधार बनाएर प्रशस्त आञ्चलिक उपन्यासहरू रचिएका पाइन्छन्। **मैला आँचल**, **परती परिकथा**, **बलचनमा**, **ब्रह्मपुत्र** आदि उपन्यासहरूमा विशेष अञ्चललाई कथाकेन्द्र बनाएर त्यहाँको सम्पूर्ण जीवन चित्रित गरिएको पाइन्छ भने **कब तक पुकारूँ**, **सागर लहरें और मनुष्य**, **वरूण के बेटे** प्रभृति उपन्यासहरूमा नट, कोली जालहारी जस्ता जाति-विशेषलाई कथाकेन्द्र बनाएर तिनीहरूको जीवनका विविध पक्षहरूलाई उद्घाटित गरेको पाइन्छ।

सन् १९४७ मा स्वतन्त्रता प्राप्ति पछि देशमा लोकतन्त्रको भावनाले प्रखरता प्राप्त गर्‍यो र त्यसै पृष्ठभूमिमा व्यक्तिवादी लेखनको विरोध स्वरूप हिन्दी उपन्यास साहित्यमा आञ्चलिक प्रवृत्तिको विकास तीव्र रूपमा भएको मानिन्छ।[३३] स्वतन्त्रता पछि देशका विभिन्न प्रदेश, अञ्चल अनि क्षेत्रका मानिसहरूमा परस्पर परिचय, प्रेम एवं आत्मीयताको भाव बढ्नका साथै देशमा भाषाका आधारमा विभिन्न राज्यको निर्माण भयो अनि मानिसहरूका मनमा आफ्नो भाषा र बोली प्रति विशेष रूचि, श्रद्धा अनि आत्मीयता बढ्दै गयो तथा साहित्यमा पनि विभिन्न अञ्चलहरूको लोक जीवन चित्रित गर्ने उपन्यासहरू लेखिन थाले। यसैले हिन्दी साहित्यमा आञ्चलिक उपन्यासको निर्मित यस युगको माग थियो भन्ने धारणा पनि

---

३३. प्रकाश बाजपेयी, **हिन्दी के आञ्चलिक उपन्यास**; नन्द किशोर एण्ड सन्स, वाराणसी; सन् १९६४; पृ० ४।

व्यक्त भएको पाइन्छ।[३४] प्राक्-स्वतन्त्रता काल मै हिन्दी उपन्यास सहित्यमा आञ्चलिक प्रवृत्तिको सूत्रपात भएको हो तापनि स्वातन्त्र्योत्तर कालमा चाहिँ यस प्रवृत्तिको विकास द्रुत गतिमा भएको तथा आञ्चलिक उपन्यासको स्वतन्त्र परम्परा पनि स्थापित हुन सकेको देखिन्छ।

३.४. नेपाली उपन्यास साहित्यको विकास र नेपाली आञ्चलिक उपन्यासको परम्परा

३.४.१.नेपाली उपन्यासको विकासको इतिहास

विद्वानहरूले नेपाली गद्याख्यानको इतिहासलाई प्राथमिक काल (सन् १७७०-१८८८), माध्यमिक काल (सन् १८८६-१९३३) र आधुनिक काल (सन् १९३४ देखि यता) गरी मूलतः तीन काल खण्डमा बाँड़ेर चर्चा गरेका छन्।[३५]

(क) प्राथमिक काल (सन् १७७०-१८८८)

आजसम्मको खोज र प्राप्तिका आधारमा शक्तिबल्लभको महाभारत **विराटपर्व** (र.का. सन् १७७०) को नेपाली अनुवाद नै नेपाली आख्यान साहित्यको पहिलो उपलब्धि मानिएको छ।[३६] नेपाली आख्यानहरू लेखिन लाग्दा नेपाली समाज धर्मपरायण र नैतिकताको विशेष आग्रही थियो। यसैले धर्माश्रयी र नीति-उपदेशमुखी आख्यानहरूप्रति लेखक एवं पाठक दुवैको रूचि बढ़ी रहेको हुनाले नै नेपाली गद्याख्यानको प्राथमिक कालको पूर्वार्धमा शक्तिबल्लभको महाभारत **विराटपर्व** (र.का. सन् १७७०), अज्ञात लेखकको **सत्संगको वर्णन भयाको कथाहा** (र.का. सन् १७७४), भानुदत्तको **हितोपदेश मित्रलाभ** (र.का. सन् १७७६), लक्ष्मी नारायण जोशीको **'महाज्ञान मुद्रा कथाहा'** (र.का. सन् १८०१) जस्ता

---

३४. ह. के. कडवे, **पूर्ववत्**; पृ० ६९।

३५. दयाराम श्रेष्ठ र मोहनराज शर्मा, **नेपाली साहित्यको संक्षिप्त इतिहास** (चौथो सं०); साझा प्रकाशन, काठमाडौं, वि०सं० २०४६; पृ० १०२।

३६. शरत् चन्द्र भट्टराई, **माध्यमिक नेपाली गद्याख्यान**; ने०रा०प्र०प्र०, काठमाडौं; वि०सं० २०५०; पृ० ८५।

धार्मिक एवं उपदेशमूलक आख्यानहरू लेखिएका पाइन्छन्। यसबाहेक **बेताल पच्चीसी कथाहा** (मू.ले. शिवदास, अनु- शिवभक्त, र.का. सन् १७६८), **बेताल पञ्चविंशति** (प्रतिलिपिकार गौरेश्वर शर्मा, र.का. सन् १८०६), **दशकुमार चरित** (अनु- अज्ञात, र.का. सन् १८१८), विष्णुपद पाध्याका **लालहीराको कथा** (र.का. सन् १६३२), **मधुमालतीको कथा** (अनु- अज्ञात, र.का. सन् १८५३), **सिराजेडको कथाहा** (अनु- अज्ञात, र.का. सन् १८७१), **हातीमताईको कथा** (अनु- अज्ञात, र.का. प्राप्त छैन) विष्णुविनोदको **स्वस्थानी व्रतकथा** (र.का. सन् १८३७), ज्योति नरसिंह कर्माचार्यको **स्वस्थानी व्रतकथा** (र.का. सन् १८३७), बेनामी लेखकको **बत्तीसपुत्तलिका कथा** (प्रतिलिपिकाल सन् १८७३) आदि नेपाली गद्याख्यानको विकासक्रममा देखा परेका महत्वपूर्ण कृति हुन्। नेपाली साहित्यको प्राथमिक काल (सन् १७७० देखि १८८८) का गद्याख्यानहरू धेरजसो संस्कृतबाट अनूदित छन् भने केही चाहिँ संस्कृतेतर अरबी, फारसी आदि स्रोतबाट लिइएका छन्। यसका अतिरिक्त यस कालमा संस्कृत-प्राकृत स्रोतका रम्याख्यान, लोक परम्पराका प्रेमाख्यान, कौतूहल र रोमाञ्चकारी आख्यानहरू पनि लेखिएका छन्।

यसकालका गद्याख्यानहरू मूलतः इतिवृत्तात्मक छन् र आकार वा आयतनका दृष्टिले महाभारत **विराटपर्व, अध्यात्म रामायण** आदि कृतिहरू विशालकाय छन् भने **दशकुमार चरित, वहत्र सुगाको कथा, स्वस्थानी व्रतकथा** आदि मझौला खालका छन् अनि **महाज्ञान मुद्रा कथाह, पिनासको कथाहा** आदि छोटा आख्यानका नमूना हुन्। विषयको विविधता पनि यस कालका गद्याख्यानहरूको एउटा विशेषता रहेको छ। प्राथमिक कालका यी गद्याख्यानहरूले उपन्यासको स्वरूप लिन सकेका छैनन् तापनि यी गद्याख्यानहरूले नेपाली उपन्यासको पृष्ठभूमि चाहिँ तयार पारिदिएका छन् भन्न सकिन्छ।

(ख) माध्यमिक काल (सन् १८८६-१६३३)

नेपाली साहित्यको माध्यमिक कालमा नेपाली उपन्यास विधाले आफ्नो स्वरूप ग्रहण गर्न थालेको देखिन्छ। यस कालमा संस्कृत र अरबी-फारसी, बङ्ला, हिन्दी, अङ्ग्रेजी आदि भाषाका आख्यान प्रधान रचनाहरू नेपालीमा अनुवाद भएका पाइन्छन्। प्रवृत्तिका दृष्टिले यसकालका गद्याख्यानहरूमध्ये हरिहर शर्माको **वीरसिक्का** (प्रथम भाग, प्र०का० सन् १८८६) को स्थान सर्वोपरि छ। मूल स्रोत अज्ञात रहेको यो **वीरसिक्का** माध्यमिक

कालको नयाँ उपज चाहिँ होइन र हस्तलिखित रूपमा यो **वीरसिक्का** प्राथमिक कालदेखि नै प्रचलित रहिआएको पाइन्छ। यस कालका उपन्यासमा पाइने जासूसी-तिलस्मी तत्त्वका साथै रोमान्स र आद्भूतिकताका प्रवृत्तिहरूको वीजारोपण चाहिँ **वीरसिक्का**-मा नै भएको पाइने हुनाले नेपाली उपन्यास साहित्यको इतिहासमा **वीरसिक्का**-को महत्वपूर्ण भूमिका रहेको छ भन्ने विद्वानहरूको भनाइ छ।[३७] धेरै वर्षसम्म **वीरसिक्का** कै प्रभाव-प्रेरणामा नेपाली उपन्यासहरू लेखिए तापनि माध्यमिक कालमा प्रकाशित चिरञ्जीवी पौड्यालको **प्रेमसागर** (प्र०का० सन् १८६०), हरिहर शर्माको **शुकवहत्तरी** (प्र०का० सन् १८६३), कपिलदेव शर्माको **नलोपाख्यान** (प्र०का० सन् १८६६), हरिहर आ० दी० को **शकुन्तलोपाख्यान** (प्र० का० सन् १९०८), दुर्गादेवी आचार्याणीको **अनुसूया-सीता संवाद** (प्र० का० सन् १९०८) आदि धार्मिक-पौराणिक एवम् नैतिक-औपदेशिक धाराका गद्याख्यानहरू पनि उल्लेखनीय रहेका छन्। यसका अतिरिक्त माध्यमिक कालमा नेपाली भाषामा अरबी, फारसी, उर्दू, हिन्दी, बङ्ला एवम् अङ्ग्रेजी मूलका गद्याख्यानहरू पनि अनुवाद भएका पाइन्छन्। पुस्तकका रूपमा र पत्र-पत्रिकामा प्रकाशित अरबी-फारसी र उर्दू मूलबाट नेपालीमा अनुवाद भएका यस कालका गद्याख्यानहरू मध्ये भैरवप्रसाद शर्माको **सुन्ने कथा** (पहिलो गुच्छ; प्र० का० सन् १९१४), शम्भुप्रसाद ढुङ्गेलका **हातीमताई** (प्र० का० सन् १९२४) र **गुलाबकावली** (प्र०का० सन् १९२४), रामप्रसाद सत्यालका **अलीबाबा अर्थात् चालीस चोरको कथा** (प्र०का० सन् १९२४) र **अलादीनको चिराग** (प्र०का० सन् १९२५) आदि हिन्दीबाट अनूदित आख्यानहरूमध्ये **चन्द्रकान्ता** (मू०ले० देवकीनन्दन खत्री, अनु० सदाशिव शर्मा, सन् १८९९), **नरेन्द्रमोहनी** (मू०ल० देवकीनन्दन खत्री, अनु० सदाशिव शर्मा, सन् १९०१), **नरदेव** (मू०ले० रामप्रताप शर्मा, अनु० अज्ञात, सन् १९०३), **वीरमालोजी भोंसले** (मू०ले० रामजीवन नागर, अनु० अज्ञात, सन् १९०४), **विलायत यात्रा** (मू०ले० गजाधर सिंह, अनु० पारसमणि प्रधान, सन् १९१६); बङ्लाबाट अनूदित गद्याख्यानहरूमध्ये **बङ्ग विजेता** (मू०ले० रमेशचन्द्र दत्त, अनु० विज्ञान विलास सन् १९१४), **चन्द्रशेखर** (मू०ले० बङ्किमचन्द्र, अनु० गम्भिरध्वज शाह, सन् १९१५), **हिरण्यमयी चरित्र** (मू०ले० बङ्किमचन्द्र, अनु० प्रसमान प्रधान, सन् १९१६), **ध्रुव** (मू०ले० सतीशचन्द्र दास, अनु० भक्तवीर थापा, सन् १९१८), **शर्मिष्ठा** (मू०ले० अज्ञात, अनु० ऋद्धिबहादुर मल्ल, सन् १९२८), **दुर्गेशनन्दिनी** (मू०ले० बङ्किमचन्द्र, अनु० शिवप्रताप शम्शेर, सन् १९३३) र

---

३७. दयाराम श्रेष्ठ र मोहनराज शर्मा, पूर्ववत्, पृ० १०६।

अङ्ग्रेजीबाट अनूदित आख्यानहरूमध्ये **अद्भूत मिलाप** (मू०ले० शेक्सपियर, आख्यानीकरण; नरदेव पाण्डे, सन् १९०१), **मेरिना चरित्र** (मू०ले० शेक्सपियर, आख्यानीकरण, नरदेव पाण्डे, सन् १९०२) आदि प्रमुख एवं उल्लेखनीय रहेका पाइन्छन्। माध्यमिक कालको अन्तिम दशकतिर आइपुग्दा नेपाली उपन्यास बङ्ला, हिन्दी र अङ्ग्रेजी साहित्यको प्रभाव स्वरूप सामाजिकता तर्फ उन्मुख भएको तथा युगीन चेतना र सम-सामायिक जीवन अँगाल्दै यथार्थको अङ्कनलाई सचेत रूपमा ग्रहण गर्न प्रयत्नशील रहेको देखिन्छ।

नेपाली साहित्यको पहिलो मौलिक उपन्यास पं० सदाशिव शर्माको **महेन्द्रप्रभा** (सन् १९०२) मानिएको छ।[३८] गिरीशवल्लभ जोशीको **वीरचरित्र** (सन् १८९९ मा लेखिएको, सन् १९०३ मा प्रथम भाग पशुपत प्रेसबाट प्रकाशित अनि सन् १९६५ मा जगदम्बा प्रकाशन काठमाडौंबाट चारै भागलाई समावेश गरेर सिङ्गो **वीरचरित्र** प्रकाशित) -को आफ्नै ऐतिहासिक मूल्य छ। माध्यमिक कालीन औपन्यासिक प्रवृत्ति अँगालेर लेखिएको भए तापनि **वीरचरित्र**-मा नेपालीपन, नेपाली भेषभूषा र स्थानीय पेशा अपनाएका नेपाली पात्रहरूको तथा नेपाली परिवेशको चित्रण वा प्रयोग हुन सकेको पाइने हुनाले यसको आफ्नै छुट्टै महत्व छ।

यस उपन्यासमा बयान गरिएका रिडी, पोखरा, तानसेन, मोदीवेनी, लमीठाना, उल्लेरी टुकुचे, काली गण्डकी आदि स्थानहरू नेपालका भौगोलिक स्थानहरूसित मिल्दा जुल्दा छन्। गिरीश वल्लभका अन्य प्राप्त उपन्यासहरू **बहादुर चरित्र** (सन् १९००) र **प्रारब्ध दर्पण** (सन् १९०६ तिर)-मा स्थानीयताको आभास पाइन्छ तथा यसै क्रममा सामाजिक-ऐतिहासिक परिप्रेक्ष अँगालेर लेखिएका बैजनाथ सेढ़ाईको **चक्रपरिक्रम** (सन् १९१६), वेदनाथ आचार्यको **दयाकी भावी** (सन् १९२२), अम्बालिका देवीको **राजपूत रमणी** (सन् १९३२) आदि उपन्यासहरू उल्लेखनीय छन्। यसरी अध्ययन-अनुशीलन गरेर हेर्दा माध्यमिक कालको दोस्रो दशकतिर सर्वप्रथम नेपाली उपन्यास साहित्यमा स्थानीय रङ्गको प्रयोग वा स्थानीय परिवेशको चित्रण हुन थालेको देखिन्छ भने परवर्ती कालका उपन्यासहरूमा यस्ता तत्त्वहरूको प्रयोग टड्कारो रूपमा हुँदै गएको बुझिन्छ। माध्यमिक कालका पत्र-पत्रिकाहरूले पनि नेपाली उपन्यास साहित्यको विकासमा मत्वपूर्ण भूमिका निर्वाह गरेका छन्। **गोरखा पत्र**

---

३८. शरद् चन्द्र भट्टराई, **नेपाली साहित्यको इतिहास** (माध्यमिक काल); पाठ्यक्रम विकास केन्द्र; सन् १९८१; पृ० १४५।

(काठमाडौं, सन् १९०१), **उपन्यास तरङ्गिणी** (उपन्यास प्रधान पत्रिका, बनारस सन् १९०२), **सुन्दरी** (बनारस, सन् १९०६), **माधवी** (बनारस, सन् १९०८), **चन्द्र** (बनारस, सन् १९१४), **गोर्खाली** (बनारस, सन् १९१४), **चन्द्रिका** (खरसाङ, सन् १९१८), **गोर्खा संसार** (देहरादुन, सन् १९२६), **तरूण गोर्खा** (देहरादून, सन् १९२८) प्रभृति पत्रिकाहरूले एकाधिक अनूदित अनि मौलिक उपन्यासहरू धारावाहिक रूपमा प्रकाश गरेर नेपाली उपन्यास लेखनको सुस्पष्ट परम्परा कायम गर्न सघाउ पुऱ्याएका छन्।

नेपाली गद्याख्यानको विकासयात्रामा माध्यमिक काल प्राथमिक काल र आधुनिक काललाई जोड्ने सेतुको रूपमा देखा पर्छ। त्यसैले समालोचक शरद्चन्द्र शर्माले माध्यमिक कालमा देखा पर्ने गद्याख्यान साहित्यलाई प्राचीन र आधुनिककालका आख्यान साहित्यको अन्तस्थता-स्थितिको परिचायक ठानेका छन्।[३६] संरचना, शिल्प-शैली र भाषा शैलीका दृष्टिले माध्यमिक कालका उपन्यासहरू विभिन्न खण्ड वा परिच्छेदमा विभाजित रहेका पाइन्छन्। यसकालका नेपाली उपन्यासकारहरूले गद्य-पद्यात्मक रूपमा लेखिने चम्पूशैली क्रमशः त्याग्दै लगेर परिष्कार गद्यको प्रयोग गर्न थालेको देखिन्छ। विषयवस्तु, औपन्यासिक तत्व, औपन्यासिक प्रवृत्ति आदिका दृष्टिले यस कालका उपन्यासहरूमा विषयको विविधता, स्रोतको विस्तार, स्थानीय चित्रणतर्फको उन्मुखता पनि पाइन्छ। यसकालका उपन्यासकारहरूले धार्मिक-पौराणिक एवं नैतिक मूल्यका आख्यानहरूको अनुवाद सँगसँगै मानव-समाज र जीवन-जगत्लाई पनि आफ्ना उपन्यासहरूको विषयवस्तु बनाएको देखिन्छ। माध्यमिक कालको अन्ततिर नै नेपाली साहित्यमा सामाजिक र ऐतिहासिक संस्पर्श भएका उपन्यासहरू लेख्ने प्रवृत्तिको पनि शुरूवात भएको पाइन्छ।

(ग) आधुनिक काल (सन् १९३४ देखि यता)

आधुनिक कालका नेपाली उपन्यासमा एकातिर विषयवस्तु र शैलीमा विविधता रहेको छ भने अर्कातिर यस कालका उपन्यासहरू पाश्चात्य साहित्यिक वादहरूबाट पनि प्रभावित र प्रेरित भएर लेखिएका पाइन्छन्। अतः आधुनिक नेपाली उपन्यासको विकासक्रमलाई पहिलो चरण (सन् १९३४ देखि १९६३ सम्म) र दोस्रो चरण (सन् १९६४ देखि यता) गरी

---

३६. शरत् चन्द्र भट्टराई, **माध्यमिक नेपाली गद्याख्यान**; ने०रा०प्र०प्र०, काठमाडौं; वि०सं० २०५०; पृ० २५७।

मूलतः दुइ चरणमा बाँडेर चर्चा गरिएको छ।[४०]

आधुनिक नेपाली उपन्यास साहित्यको पहिलो चरणको पहिलो दशकमा केही महिनाको फरक परी रूद्रराज पाण्डेको **रूपमती** (सन् १९३४ जेष्ठ) र विष्णुचरण श्रेष्ठको **सुमती** (सन् १९३४ श्रावण) प्रकाशित भएका देखिन्छन्। **रूपमती** र **सुमती**-ले माध्यमिककालीन जासूसी-तिलस्मी प्रवृत्ति त्यागेर नैतिक एवं समाज सुधार-संस्कारको चेत र आदर्शवादी धारणालाई ग्रहण गरेको पाइन्छ। **रूपमती** र **सुमती**-बाट शुरू भएको आधुनिक उपन्यास लेखन परम्पराले रूपनारायण सिंहको **भ्रमर** (सन् १९३६) मा आएर पूर्ण प्रतिष्ठा प्राप्त गर्न सकेको छ भन्ने विद्वानहरूको भनाइ छ।[४१] **भ्रमर**-ले आधुनिक उपन्यासका लागि चाहिने कथात्मक योजना, बहुमुखी चरित्र, यथार्थवादी धरातल, आदर्श विचार, अलङ्कृत एवं माधुर्यगुण विशिष्ट कोमल भाषा अनि सुगठित शैली प्रदान गरेर नेपाली उपन्यास साहित्यमा नयाँ आयाम थपेको छ भन्ने विचार ठाकुर पराजुलीको छ।[४२] **भ्रमर** -बाट नै नेपाली उपन्यास साहित्यमा रोमाण्टिक लेखन-परम्परा पनि प्रवर्तित भयो। **भ्रमर**-पछि दार्जीलिङ भेकबाट रूपनारायण सिंहकै परिपाटी पछ्याएर अच्छा राई 'रसिक' को **लगन** (सन् १९५५), शिवकुमार राईको **डाकबङ्गला** (सन् १९५६), कृष्णसिंह मोक्तानका **चरणधूली** (सन् १९५६), **अशेष यात्रा** (सन् १९६४), इन्द्र सुन्दासको **मङ्गली** (सन् १९५८), नरबहादुर दाहालको **मध्यरातको तारा** (सन् १९६४) आदि उपन्यासहरू लेखिएका र प्रकाशित भएका देखिन्छन्।

सन् १९४८ मा लैनसिंह बाङ्देलको **मुलुक बाहिर** प्रकाशित भएपछि नेपाली उपन्यास साहित्यमा यथार्थवादी धाराको थालनी हुन गएको देखिन्छ। हुनत **वीरचरित्र** (र०का० सन् १८९९, प्र०का० सन् १९०३ मा प्रथम भाग, सन् १९६५ मा सम्पूर्ण भाग)-मा पश्चिम नेपालको भौगोलिक र राणाकालिक यथार्थ्य छ, **रूपमती** (सन् १९३४) का गृहकलहहरू र सामाजिक अवस्थिति यथार्थिक छन् अनि **भ्रमर** (सन् १९३६) का भारतीय रैथाने नेपालीहरू पनि यथार्थ नै हुन् तर **वीरचरित्र**, **रूपमती**, **भ्रमर** आदि उपन्यासहरूमा यथार्थ

---

४०. दयाराम श्रेष्ठ र मोहनराज शर्मा, **पूर्ववत्**; पृ० १०९।

४१. घनश्याम नेपाल, **नेपाली साहित्यको परिचयात्मक इतिहास**; ने०सा०प्र०स०, सिलगढ़ी; सन् १९९१; पृ० ६४।

४२. ठाकुर पराजुली, "नेपाली साहित्यको ऐतिहासिक विवेचना", **ज्ञानविज्ञानको दिशा**, (सम्पा. डिल्लीराम तिमसिना); वाराणसी, वि०सं० २०३३; पृ० २०।

साधन मात्र भएको छ भने **मुलुक बाहिर** र त्यसपछिका उपन्यासहरूमा यथार्थ आफैमा साध्य भएको पाइन्छ[४३] भन्ने इन्द्रबहादुर राईको विचार रहेको छ। बाङ्देलका अन्य उपन्यासहरूमा **माइतघर** (सन् १९४९), **लङ्गडाको साथी** (सन् १९५१) प्रसिद्ध छन्। बाङ्देलका उपन्यासहरूबाट शुरू भएको यथार्थवादी प्रवृत्तिलाई अँगालेर लेखेका उपन्यासहरूमा मोहनबहादुर मल्लका **उजेली छाया** (सन् १९५१), **पञ्चायत** (सन् १९५३), **समयको हुरी** (सन् १९५७); मुक्तिनाथ तिमसिनाको **को अछुत?** (सन् १९५४), लीलाध्वज थापाका **मन** (सन् १९५८), **शान्ति** (सन् १९५८), भुवनेश्वर कोइरालाको **सत्य सन्देश र विधुवा जीवन** (सन् १९५६); लीलबहादुर क्षत्रीको **बसाइँ** (सन् १९५७), बद्रीनारायण प्रधानको **मौली** (सन् १९६३) आदि उल्लेखनीय छन्। यसै कालमा सामाजिक-यथार्थवादी प्रवृत्तिलाई अँगालेर उपन्यास लेख्ने परम्पराको पनि विकास हुन सकेको पाइन्छ र नेपाली साहित्यमा यस्ता थेरै उपन्यासहरू लेखिएका पनि छन् अनि यसै प्रवृत्तिलाई अँगालेर उपन्यास लेखन शुरू गरेर आञ्चलिक प्रवृत्तितर्फ उन्मुख भएका दौलतविक्रम विष्टका **मञ्जरी** (र०का० सन् १९५१, प्र०का० सन् १९५९), **एक पालुवा अनेकौं याम** (सन् १९६९), **बिग्रिएको बाटो** (सन् १९७६), **थाकेको आकाश** (सन् १९७७), **भोक र भित्ताहरू** (सन् १९८१), **ज्योति ज्योति महाज्योति** (सन् १९८८), **हिमाल र मान्छे** (१९८८) उपन्यासहरू यहाँ उल्लेखनीय छन्। आधुनिक नेपाली उपन्यासको विकासक्रमको पहिलो चरणको अन्तिम दशकमा शङ्कर कोइरालाको आञ्चलिक उपन्यास **खैरिनी घाट** (सन् १९६१) प्रकाशित भएको पाइन्छ। आञ्चलिक लेखन यथार्थवादबाटै छुट्टिएको एउटा भङ्गालो हो र आधुनिक नेपाली उपन्यास साहित्यको दोस्रो चरणमा यसै धारालाई अँगालेर लेखिएका उपन्यासहरू मध्ये शङ्कर कोइरालाको **हेलम्बु मेरो गाउँ** (सन् १९७५), इन्द्रबहादुर राईको **आज रमिता छ** (सन् १९६४), ध०च० गोतामेका **घामका पाइलाहरू** (सन् १९७६) र **यहाँदेखि त्यहाँसम्म** (सन् १९८६), लीलबहादुर क्षेत्रीको **ब्रह्मपुत्रका छेउ-छाउ** (सन् १९८८) आदि मुख्य छन्।

प्रगतिवादी प्रवृत्तिलाई अँगालेर हृदयचन्द्र सिंह प्रधानले **स्वास्नी मान्छे** (सन् १९५४) र **एक चिहान** (सन् १९६०) उपन्यासहरू लेखेका छन् र यस परम्परालाई खड्गबहादुर सिंहको **विद्रोह** (भाग १ र २, सन् १९५४-५६), डी. पी. अधिकारीका **आशामाया** (सन् १९६८) र **धरती अझै बोल्दैछ** (सन् १९७०), खगेन्द्र संग्रौलाको **चेतनाको पहिलो डाँक**

४३. इन्द्रबहादुर राई, नेपाली उपन्यासका आधारहरू; ने०सा०प०प्र०, दार्जीलिङ; सन् १९७४; पृ० ६४।

(सन् १९७०) पारिजातको **आफैले रोजेको बाटो** (सन् १९७८) रमेश विकलको **अविरल बग्दछ इन्द्रावती** (सन् १९८३) जस्ता उपन्यासहरूले अगाडि बढाएका छन्।

ऐतिहासिक धरातललाई ग्रहण गर्दै लेखिएका नेपाली उपन्यासहरूमा अम्बालिका देविको **राजपूत रमणी** (सन् १९३२), टुकराज-पद्यराज मिश्रको **रजबन्धकी** (सन् १९३८), मोहनबहादुर मल्लको **मायारानी** (सन् १९४४), डायमण्ड शमशेरका **बसन्ती** (सन् १९४९) **र सेतो बाघ** (सन् १९७३) आदि उल्लेखनीय रहेका पाइन्छन्। यसका अतिरिक्त नेपालको सातसाले जन-क्रान्तिपूर्वको ऐतिहासिक पृष्ठभूमिलाई आधार बनाएर लेखिएका केशवराज पिंड़ालीको **एकादेशकी महारानी** (सन् १९६६), जगदीश घिमिरेको **सावित्री** (सन् १९७५), तुलसीराम कुँवरको **उज्यालोतिर** (सन् १९७६), भवानी भिक्षुको **आगत** (सन् १९७६) आदि उपन्यासहरू पनि उल्लेखनीय देखिन्छन्।

नेपाली उपन्यास साहित्यको आधुनिक कालको दोस्रो चरणको अन्तिम दशकदेखि यता नेपाली उपन्यास आत्मपरक यथार्थ अर्थात् मनोवैज्ञानिक लेखनतर्फ अग्रसर भएको पाइन्छ। गोविन्द बहादुर मल्ल 'गोठाले' को **पल्लो घरको झ्याल** (सन् १९५९), विजय मल्लको **अनुराधा** (सन् १९६१) तारिणी प्रसाद कोइरालाको **सर्प-दंश** (सन् १९६६) यसै मनोविज्ञानमा आधारित उपन्यासहरू हुन्। यसै क्रममा मनोविश्लेषणवाद, अस्तित्ववाद र नियतिवादको समन्वय गर्दै लेखिएका उपन्यासहरूमा विश्वेश्वरप्रसाद कोइरालाका **तीन घुम्ति** (सन् १९६८), **नरेन्द्र दाई** (सन् १९७०), **सुम्निमा** (सन् १९७०), **मोदिआइन** (सन् १९७९), **हिटलर र यहुदी** (सन् १९८२), **बाबु, आमा र छोरा** (सन् १९८८) उपन्यासहरू पनि उल्लेखनीय छन्।

नेपाली उपन्यास साहित्यको आधुनिक कालको दोस्रो चरण (सन् १९६४ देखि यता)-मा नेपाली उपन्यासहरू नयाँ मूल्य र नयाँ परम्परा अँगालेर लेखिएका देखिन्छन्। परम्परागत लेखनको समाप्तिलाई इङ्गित गर्ने तेस्रो आयाम (सन् १९६३), राल्फा (सन् १९६६), अस्वीकृत जमात (सन् १९६८), अमलेख (सन् १९६९), बूट पालिश (सन् १९७४), तरलवाद (सन् १९८३) जस्ता साहित्यिक आन्दोलनहरू पनि घटित भएका हुनाले यस चरणमा नयाँ विषय र नयाँ शिल्प-शैली अँगालेर नेपाली उपन्यासहरू रचिएका पाइन्छन्। यसै क्रममा अस्तित्ववादबाट शुरू गरेर विसङ्गतिवाद हुँदै मार्क्सवादी सिद्धान्तलाई आत्मसात् गरेर लेखिएका पारिजातका **शिरीषको फूल** (सन् १९६५), **महत्ताहीन** (सन् १९६८),

बैंसको मान्छे (सन् १९७२), **तोरीबारी बाट र सपनाहरू** (सन् १९७७), **पर्खालभित्र र बाहिर** (सन् १९७८), **अन्तर्मुखी** (सन् १९७८) उपन्यासहरू उल्लेखनीय छन्। पारिजातबाटै प्रतिष्ठा पाएको अस्तित्ववाद र विसंगतिवादको औपन्यासिक प्रवृत्तिमा व्यङ्ग्य, मिथक, स्वैरकल्पना आदि थपेर लेखिएका ध्रुवचन्द्र गौतमका **अन्त्यपछि** (सन् १९६७), **बालुवामाथि** (सन् १९७०), **डापी** (सन् १९७६), **कल्टेलसरको चोटपटक** (सन् १९८०), **अलिखित** (सन् १९८३), **निमित्त नायक** (सन् १९८६), **स्वर्गीय हिरादेवीको खोज** (सन् १९८८), **एक शहरमा एउटा कोठा** (सन् १९८९), **उपसंहार अर्थात् चौथो अन्त्य** (सन् १९९१); दशजना लेखकहरूको सहलेखनद्वारा तयार पारिएको **आकाश विभाजित छ** (सन् १९७५); गुप्त प्रधान र शरद् छेत्रीको **विस्थापन** (सन् १९७६); प्रयोगधर्मी लेखकका रूपमा ओकियामा ग्वाइनका **नागवेली** (सन् १९७०), **सुनाखरी** (सन् १९७८); मत्स्येन्द्र प्रधानको **नीलकण्ठ** (सन् १९८४); ध्रुवचन्द्र गौतम, ध्रुव सापकोटा र बेन्जु शर्माको **संयुक्त कृति देहमुक्त** (सन् १९८७) इत्यादि उपन्यासहरू उल्लेख्य रहेका छन्। यिनीहरूका अतिरिक्त मञ्जुल राल्फा, विनोद प्रसाद धिताल, इन्द्र सुन्दास, परशु प्रधान, रमेश विकल, विक्रमवीर थापा, असीत राई, अर्जुन निरौला, शेरमान थापा, वीरविक्रम गुरूङ, गहीन उपाध्याय, पिटर जे. कार्थक, वाणिरा गिरी, पुष्पा राई प्रभृति उपन्यासकारहरू यस कालका उल्लेखनीय प्रतिभा हुन्। आजका नेपाली उपन्यासकारहरूले विविध भाव र विविध शिल्प-शैलीमा उपन्यासहरूको रचना गरेर यसलाई नयाँ आयाम र नयाँ गति दिने प्रयास गरेको देखिन्छ। वस्तुतः आज नेपाली उपन्यास विधाले विषय र शैलीमा व्यापकता अँगालेको छ। संक्षेपमा भन्नु हो भने आज नेपाली उपन्यास नित्य नवीन भाव, नवीन विषय र नवीन शिल्प-शैली अँगालेर गतिशील रहेको छ भन्न सकिन्छ।

३.४.२. नेपाली साहित्यमा आञ्चलिक उपन्यासको परम्परा

नेपाली उपन्यास लेखनको पूर्वाधार सन् १७७०- को दशक तिरबाट नियोजित हुन थालेको र सन् १९३६- देखि नेपाली उपन्यास साहित्यमा आधुनिकताको सूत्रपात भएर विविध शिल्प-शैली भएका उपन्यासहरू रचिएका पाइए तापनि र फाटफुट रूपमा नेपाली उपन्यासमा आञ्चलिकताको रङ्ग १९३०- को दशकतिर देखिन थालेको हो तापनि क्षेत्र विशेषको जन-जीवनलाई नै मुख्य विषय बनाएर लेखिएको शङ्कर कोइरालाको **खैरिनी घाट**

(सन् १९६१) नै नेपाली उपन्यास साहित्यको परम्परामा पहिलो र सफल आञ्चलिक उपन्यास मानिएको छ।[४४] शङ्कर कोइरालाका पूर्ववर्ती रूपनारायण सिंह, लैनसिंह बाङ्देल, अच्छा राई 'रसिक', असित राई, इन्द्र सुन्दास, लीलाध्वज थापा, दौलत विक्रम विष्ट, कृष्णसिंह मोक्तान, शिवकुमार राई, असित राई प्रभृत्ति उपन्यासकारहरूले आ-आफ्ना उपन्यासहरूमा स्थानीय परिवेशको यथार्थ चित्रण, बोल-चालको भाषा र ठेट शब्दहरूको प्रयोग अनि स्थानीय रङ्को पनि प्रचुर प्रयोग गरेका छन्। स्थानीय रङ्ग प्रयोग गरिएका उपन्यास नै आञ्चलिक उपन्यासको पूर्व स्थिति हो भन्ने डा. कला मेहताको विचार [४५] अनुसार उल्लिखित उपन्यासकारहरूलाई नेपाली आञ्चलिक उपन्यासको पृष्ठभूमि निर्माता मान्न सकिन्छ। कतिपय उपन्यासहरूमा आञ्चलिकताको भ्रम आञ्चलिक संस्पर्शको कारणले पनि उत्पन्न भएको पाइन्छ। आञ्चलिक संस्पर्शको प्रयोगद्वारा उपन्यासकारले देश, काल-वातावरण अर्थात् परिवेशको प्रभावशाली चित्र प्रस्तुत गरेर कथ्यमा अधिक लयता, चरित्र-चित्रणमा अधिक प्रभावशालीता र स्वाभाविकता तथा शैलीमा अधिक चित्रात्मकता भरेर आफ्ना कृतिलाई मनोरञ्जक र आकर्षक तुल्याउँछन् भने कतिपय उपन्यासहरूमा चाहिँ यथार्थको आग्रहका निम्ति पनि आञ्चलिक संस्पर्शलाई ग्रहण गरेको पाइन्छ। यस किसिमका उपन्यासमा मुख्य उद्देश्य अर्कै हुन्छ र त्यसको परिपूर्तिका निम्ति मात्र उपन्यासकारले आफ्ना रचनामा वर्णित अञ्चल वा क्षेत्र विशेषका विशिष्टताहरूको चित्रण गर्दछ।

नेपाली साहित्यमा आञ्चलिक संस्पर्श भएका एकाधिक उपन्यासहरू पाइन्छन् र यस किसिमका रचनाहरूमा उपन्यासकारको मुख्य उद्देश्य कुनै अञ्चल, क्षेत्र वा भूखण्ड विशेषको सर्वाङ्गीण चित्रण नभएर कथाभूमिप्रति आफ्नो घनिष्ठता देखाई आफ्नो कथनलाई विश्वासनीय तुल्याउनु एवं कथाको विकासक्रममा परिस्थिति अनुकूल यथास्थान त्यस क्षेत्र वा अञ्चल विशेषका कतिपय विशिष्टताहरूको चित्रात्मक झाँकी प्रस्तुत गर्नु मात्रै रहेको हुन्छ। आञ्चलिक संस्पर्श भएका नेपाली उपन्यासहरूमध्ये लील बहादुर क्षेत्रीको **बसाईं** (सन् १९५७), कृष्णसिंह मोक्तानको **जीवन परिक्रमा** (सन् १९६७), इन्द्र सुन्दासका **जुनेली रेखा** (सन् १९७९),

---

४४. (क) कृष्णचन्द्र सिंह प्रधान र अन्य (सम्पा.) **नेपाली साहित्य कोश**; ने० रा०प्र०प्र०; वि०सं० २०५५; पृ० ८०।
(ख) अभि सुवेदी, नेपाली लिट्रेचरः ब्याकग्राउण्ड एण्ड हिस्ट्री; साझा प्रकाशन, काठमाडौं; सन् १९७८; पृ० ११७।
४५. कला मेहता, पूर्ववत्; पृ० २३।

नियति (सन् १९८२), **सहारा** (सन् १९९५); दौलत विक्रम विष्टको **एक पालुवा अनेकौं याम** (सन् १९९९), विनोद प्रसाद धितालको **उज्यालो हुनु अघि** (सन् १९७१), डोरबहादुर विष्टका **सोताला** (सन् १९७७), **हिमाल र मान्छे** (सन् १९८८); असित राईको **नयाँ क्षितिजको खोज** (सन् १९८१), भवानी भिक्षुको **आगत** (सन् १९७५) आदि उल्लेखनीय रहेका छन्।

नेपाली साहित्यको पहिलो आञ्चलिक उपन्यास **खैरिनी घाट** (सन् १९६१)-मा कोशी नदीको किनारमा रहेको माझी गाउँ कोथपे र त्यसका छेउछाउका क्षेत्रहरू दुम्जा नेपालथोक आदिको सामाजिक, राजनैतिक, सांस्कृतिक एवं आर्थिक पक्षको सर्वाङ्गीण चित्रण-वर्णन पाइन्छ। कोइरालाकै अर्को आञ्चलिक उपन्यास **हेलम्बु मेरो गाउँ** (सन् १९७५)- मा हेलम्बु क्षेत्रका विभिन्न जात-गोष्ठीका मानिसहरूको जीवन चित्रित छ। ताना शर्माका **ओझेल पर्दा** (सन् १९६६) र **मेरो कथा** (सन् १९७६); चेतन कार्कीको **आत्मा बेचेको छैन** (सन् १९६५), जगदीश घिमिरेको **लीलाम** (सन् १९७०), संजय थापाको **पूर्वतिर** (सन् १९८५) आदि केही उपन्यासहरू आञ्चलिक पृष्ठभूमिमा लेखिएका पाइन्छन् तापनि उक्त उपन्यासहरूमा आञ्चलिक पृष्ठभूमि कथावस्तु संयोजनका लागि साधनका रूपमा मात्र व्यवहार गरिएको देखिन्छ।

वस्तुतः आञ्चलिक उपन्यास समाजको स्थिर जड़ चित्रण होइन; यसमा सामाजिक चेतना, नव जागरण एवं परिवर्तनको सङ्केत; समाज शास्त्रीय एवं लोकतन्त्रात्मक भावनाको उन्नयन जस्ता विविध विषयहरू समावेश गरिएका हुन्छन् र यसले गर्दा आञ्चलिक उपन्यास लोक जीवनलाई गतिशील तुल्याउन सहायक वा उत्प्रेरक बन्दछ।[४६] अतः **ओझेल पर्दा**, **लीलाम**, **पूर्वतिर**, **आत्मा बेचेको छैन** आदि उपन्यासहरूमा लेखकको उद्देश्य त्यस क्षेत्र विशेषमा रहेको शोषणमुखी प्रवृत्तिको चित्रण-वर्णन गर्नु सम्ममा मात्र सीमित रहेको बोध हुन्छ। त्यसैले उल्लिखित उपन्यासहरूलाई आञ्चलिक उपन्यासको पृष्ठभूमि मात्र मान्न सकिन्छ।

इन्द्रबहादुर राईको **आज रमिता छ** (सन् १९६४) उपन्यासमा दार्जीलिङको तत्कालीन

---

४६. ईश्वर बराल, **हिमालचूली** (पूजा विशेषाङ्क); सन् १९८४; पृ० ६६।

सामाजिक, राजनैतिक एवं आर्थिक पक्षको वर्णन पाइए तापनि उपन्यासकारको मूल उद्देश्य मानव जीवनको विसंगति, जीवन बाँच्नुको वाध्यता, जीवनको अर्थहीनता आदि देखाउन रहेको देखिन्छ। 'प्रयोगात्मक आञ्चलिक उपन्यास'[४७] भनिएको ध्रुवचन्द्र गौतमको **अलिखित** (सन् १९८३) उपन्यासमा स्थानीय बोलीको अत्याधिकता, समकालीन चेतना, प्रयोगात्मकता, विसङ्गति, मिथक, स्वैरकल्पना, हास्य-चेत, व्यङ्ग्यग्यात्मकता, प्रतीकात्मकता आदिको प्रयोग पाइन्छ। प्रस्तुत उपन्यासले नेपालको बारा जिल्ला अन्तर्गत पर्ने तराईको गाउँमा विद्यमान दरिद्रता, विवशता, ठूला-बड़ाहरूको अन्याय-अत्याचार, प्रशासनको हेलचेक्र्याइँ आदिको अध्ययन गरेको भए तापनि यस उपन्यासमा चरित्रहरू वा वर्णन गरिएका घटना-प्रवृत्तिहरू सालाखाला रूपमा सम्पूर्ण नेपाली समाजमा मिल्दा-जुल्दा रहेका पाइन्छन्। **अलिखित** उपन्यासमा निर्दिष्ट काल खण्डको अभाव छ, यसमा पाइने विभिन्न घटना, दृश्य एवं वर्णनहरू सर्वकालिक र सार्वजनीन छन्। भाषा प्रयोगका दृष्टिले यस कृतिले आञ्चलिकताको फेर समात्न सकेको छ; तर उपन्यासको मूल उद्देश्य जीवनगत विसङ्गतिलाई देखाउन नै रहेको छ। अतः भाषा प्रयोगका दृष्टिले चाहिँ इन्द्रबहादुर राईको **आज रमिता छ** भन्दा ध्रुवचन्द्र गौतमको **अलिखित** उपन्यास आञ्चलिकताको नजिक रहेको देखिन्छ। **आज रमिता छ** उपन्यासको शीर्षकद्वारा पनि आञ्चलिकता बोध हुनुको सट्टा विसङ्गति नै बढ़ी ध्वनित भएको पाइन्छ।

धनुषचन्द्र गोतामेको **घामका पाइलाहरू** (सन् १९७८) नेपालको तराई क्षेत्रको स्थान विशेष एवं सीमित काल अवधिलाई लिएर लेखिएको नगराञ्चलीय उपन्यास हो। प्रस्तुत कृतिमा सन् १९२०- को दशकमा स्थापित वीरगञ्जदेखि अमलेखगञ्जसम्म चल्ने रेलवेले त्यहाँको क्षेत्रीय जन-जीवनमा पारेको प्रभाव सुस्पष्ट रूपमा चित्रण गरिएको छ। धनुषचन्द्र गोतामेको ग्रामाञ्चलीय उपन्यास **यहाँदेखि त्यहाँसम्म** (सन् १९८५)-मा नेपालको बारा जिल्लामा पर्ने तीयर तथा मुर्की नदीका छेउछाउमा बसोबासो गर्ने मानिसहरूको सामाजिक, सांस्कृतिक, आर्थिक पक्ष एवं त्यस स्थानको ऐतिहासिकतालाई आधार बनाएर तत् अञ्चलको सर्वाङ्गीण चित्रण-वर्णन गरिएको पाइन्छ। रमेश विकलद्वारा लिखित **अविरल बग्छ इन्द्रावती** (सन् १९८३) ले इन्द्रावती नदीका किनारमा बसोबासो गर्ने निम्न एवं शोषित वर्गका माझीहरूमा शोषण विरूद्ध जागृत हुँदै गएको वर्गीय सचेतता देखाउने क्रममा त्यहाँका

४७. ध्रुवचन्द्र गौतम, अलिखित; साझा प्रकाशन, काठमाडौं; सन् १९८३; प्रकाशकीय पृष्ठ।

गाउँहरूलाई कथाक्षेत्र बनाएको पाइन्छ। नदीपुत्र माझी र धर्तीपुत्र दनुवारहरूको जीवनमा आधारित प्रस्तुत उपन्यास मूलतः बर्गीय सङ्घर्षमा नै केन्द्रित छ र समालोचक कृष्णचन्द्र सिंह प्रधानले यस कृतिलाई शोषित जीवनको पीड़ा र परिवर्त्तनका लागि जनतामा देखा परेको सङ्घर्ष-चेतना उद्भाषित गर्ने स्वर मानेका छन्।[४८] सन् १९८६ मा प्रकाशित लीलबहादुर क्षत्रीको आञ्चलिक उपन्यास **ब्रह्मपुत्रका छेउ-छाउ** - मा असम राज्य अन्तर्गत बग्ने ब्रह्मपुत्र नदीका छेउछाउमा पर्ने क्षेत्रहरूलाई कथाञ्चल बनाएर त्यहाँका बासिन्दाहरूको सर्वाङ्गीण चित्रण-वर्णन गरिएको पाइन्छ। सन् १९३४ देखि आधुनिक कालमा प्रवेश गरेपछि नेपाली उपन्यास नयाँ-नयाँ विषय र नयाँ-नयाँ शिल्प-शैलीमा सजिएर गतिशील बन्न सकेको छ। अङ्ग्रेजी उपन्यास साहित्यमा सन् १८०० तिरबाट शुरू भएको आञ्चलिक प्रवृत्ति नेपाली उपन्यासमा नेपाली उपन्यासले आधुनिक कालमा पाइला टेकेपछि भित्रिएको पाइन्छ। नेपाली साहित्यमा कुनै क्षेत्र वा अञ्चललाई आधार बनाएर एकाध उपन्यासहरू लेखिएका पाइन्छन् तापनि त्यस्ता केही उपन्यासहरू स्थानीय रङ्ग प्रयोगमा मात्र सीमित छन् भने केही उपन्यासहरूमा चाहिँ आञ्चलिक संस्पर्श मात्र पाइन्छ र केही चाहिँ आञ्चलिक पृष्ठभूमिमा लेखिएका छन्। समाजमा व्याप्त गरीबी, शोषण, विवशता, अत्यचार, थिचो-मिचो, जाल-झेल आदि देखाउनु नै यस किसिमका उपन्यासहरूको मुख्य उद्देश्य रहेको पाइन्छ। अतः नेपाली साहित्यमा कुनै अञ्चल वा क्षेत्र विशेषलाई लिएर लेखिएका विशुद्ध आञ्चलिक उपन्यासहरूमा **खैरिनी घाट, हेलम्बु मेरो गाउँ, घामका पाइलाहरू, यहाँदेखि त्यहाँसम्म, ब्रह्मपुत्रका छेउछाउ**-लाई प्रतिनिधि कृति मान्न सकिन्छ र प्रस्तुत शोध-प्रबन्ध मूलतः यिनै कृतिहरूको अध्ययन, विश्लेषण र मूल्याङ्कनमा केन्द्रित रहेको छ।

३.४.३.प्रमुख नेपाली आञ्चलिक उपन्यास र उपन्यासकारहरूको संक्षिप्त परिचय

नेपाली आञ्चलिक उपन्यासको विकासक्रममा देखा परेका प्रमुख एवं प्रतिनिधि आञ्चलिक उपन्यासकार र तिनीहरूका आञ्चलिक उपन्यासहरूको संक्षिप्त परिचय यहाँ प्रस्तुत गरिएको छ।

---

४८. कृष्णचन्द्र सिंह प्रधान "नेपाली उपन्यास", **साझा समालोचना** (सम्पा. कृष्णचन्द्रसिंह प्रधान, चौ० प्र०); साझा प्रकाशन,काठमाडौं; वि०सं० २०५२; पृ० ४१५।

(१) शङ्कर कोइराला र उनका उपन्यासहरू

शङ्कर कोइरालाको जन्म सन् १९३० (वि०सं० १९८७ कार्तिक २७ गते)- मा दुम्जा, सिन्धुली माढीमा इश्वरीप्रसाद कोइराला घरमा मित्रप्रिया देवीका कोखबाट भएको हो। यिनका न्वारनको नाम ढकारप्रसाद हो। सन् १९६६ सालमा त्रिभुवन विश्वविद्यालयबाट स्नातकसम्मको अध्ययन गरेका शङ्कर कोइरालाले बाईस वर्षको उमेरदेखि नै जागिरे जीवनमा प्रवेश गरेको जानकारी पाइन्छ। यिनी सन् १९५३ देखि सन् १९५८ सालसम्म गोरखा पत्र छापाखानाको सम्पादकीय विभागमा; सन् १९६० सालदेखि सन् १९६८ सालसम्म व्यूरो अव् एड्केशन (हाल जनक शिक्षा सामग्री केन्द्र) -को प्रकाशन शाखामा र सन् १९६८ देखि सन् १९९२ सालसम्म साझा प्रकाशन विभागमा विभागीय प्रमुख भई कार्यरत रहेका थिए। सन् १९९७ (वि०सं० २०५४, साउन २६ गते) सतसट्ठी (६७) वर्षको उमेरमा काठमाडौंमा यिनको निधन भयो।

बाल्यकालदेखि नै साहित्यमा रूचि राखेका कोइरालाले सन् १९४६ सालमा सोह्र वर्षको उमेरमा **शारदा** पत्रिकामा **'बूढो'** शीर्षक कथा छपाएर साहित्यिक जीवनको थालनी गरेका थिए। यिनको पहिलो चर्चित उपन्यास **खैरिनी घाट** (सन् १९६१) हो। यसै उपन्यासद्वारा यिनी नेपाली साहित्यमा आञ्चलिक उपन्यासकारका रूपमा परिचित र प्रसिद्ध भएका छन्। यिनका अन्य उपन्यासहरूमध्ये **कौशीको फर्सी** (सन् १९६३), **दुइ ड्राइभर** (सन् १९६७), **नाठो** (सन् १९६७), **म पिउन अखबारको** (सन् १९६८), **उसलाई सम्झँदा** (सन् १९६९), **कलेज गर्ल** (सन् १९७०), **दोसाँध** (सन् १९७०), **नदुखेको कपाल** (सन् १९७०), **एक अञ्जली श्रद्धाञ्जलि** (सन् १९७४), **तीनपल्ट** (सन् १९७५), **हेलम्बु मेरो गाउँ** (सन् १९७५), **श्रीमती हिरोइन** (सन् १९७६), **रातभरि** (सन् १९७६), **एक हुल गाउँले** (सन् १९७७), **आलोपालो** (सन् १९७७), **म फेला पर्दिन** (सन् १९७८), **आँशुको खहरे** (सन् १९७८), **आँशुको घुटको** (सन् १९८४), **भुस्याहा** (सन् १९८६), **उच्चाकांक्षा** (सन् १९८६), **सहायता** (सन् १९८६), **वेवारिस लेखक** (सन् १९८६), **शीला** (सन् १९९०), **बन्द तगारो** (सन् १९९२), **एउटा पुरानो घर** (सन् १९९७), **अँध्यारोका हातहरू**, **खैला बैला**, **पशुपतिनात बोल्दैनन्** उल्लेखनीय छन्। त्यस्तै पत्र-पत्रिकामा प्रकाशित उपन्यासहरूमध्ये **दुर्दमनीय** (**रूपरेखा**, वर्ष २, अक ८, सन् १९६१), **कलाकार** (**रूपरेखा**, वर्ष ७, अङ्क ६, सन्

१९६६), **तरूनी छोरी** (**मधुपर्क**, वर्ष ५, अङ्क ४, सन् १९७२), **सन्तानको रहर** (**परिवार**, वर्ष ५, अङ्क ३-७, सन् १९७३) आदि उल्लेखनीय रहेका देखिन्छन्। यसबाहेक शङ्कर कोइरालाले 'आधाबाटे कान्छा' उपनाम वा छद्मनाममा **पिशाच डाक्टर**, **भट्टीपसल**, **हलवाला** आदि उपन्यासहरू; **नदी गीत गाउँछ** (सन् १९७१, बाल उपन्यास), **रिसको भागी** (**'बालक'** मासिकमा धारावाहिक प्रकाशित बाल उपन्यास); **माझीको स्वास्नी** ('सारेंग बौं' मूल पाकिस्तानी, ले० शहिदुल्ला कैसर; अङ्ग्रेजी अनुवादबाट नेपालीमा रूपान्तरित, सन् १९६६), **अन्तरिक्ष मानवले मलाई लिएर गए** (अङ्ग्रेजीबाट नेपालीमा अनूदित) आदि उपन्यासहरू पनि प्रकाशित गरेको जानकारी पाइन्छ।

उपन्यास बाहेक यिनले कथा, नाटक, आत्म-जीवनी आदि विधामा पनि कलम चलाएका छन्। तीमध्ये **आगो छ यो दिलभरी** (कथा सङ्ग्रह, सन् १९६८), **सुर्तीको पातमा झुण्डिएको जीवन** (कथा सङ्ग्रह), **शङ्कर कोइराला** (आत्म-जीवनी, सन् १९७४), **सेती** (नाटक, सन् १९६६), **पिठ्यूँको भारी** (लघु नाटक) आदि उल्लेखनीय छन्। यिनीहरूका अतिरिक्त भारत र नेपालबाट प्रकाशित हुने विभिन्न पत्र-पत्रिकाहरूमा कोइरालाका लगभग दुइसय जति कथा अनि केही लेखहरू पनि प्रकाशित भएको जानकारी पाइन्छ।

वस्तुतः शङ्कर कोइरालाले सामाजिक, आञ्चलिक, रोमाण्टिक, राजनैतिक, जासूसी, बाल उपयोगी विविध विषय र प्रवृत्तिका मौलिक एवं अनूदित उपन्यासहरू लेखेर नेपाली साहित्यलाई गतिशील एवं धनी तुल्याएका छन्। अहिलेसम्मको खोजी र प्राप्ति अनुसार सङ्ख्यात्मक दृष्टिले पनि सबभन्दा बढ़ी उपन्यास रचना गर्ने नेपाली उपन्यासकार शङ्कर कोइराला नै देखिन्छन्।

खैरिनी घाट –– शङ्कर कोइराला रचित **खैरिनी घाट** सन् १९६१ मा नेपाल एकेडेमीबाट प्रकाशित भएको हो अनि पछि साझा प्रकाशन काठमाडौंबाट यस कृतिको सातौं संस्करणसम्म प्रकाशित भएको पाइन्छ। नब्बे पृष्ठ भएको प्रस्तुत उपन्यासको संरचनामा औपचारिक रूपले कुनै शीर्षक वा परिच्छेद विभाजन गरिएको पाइन्न तापनि उपन्यासकारले यसलाई तीन भागमा विभाजन गरेका छन्। आञ्चलिक प्रवृत्तिलाई अँगालेर लेखिएको प्रस्तुत उपन्यासमा काठमाडौंदेखि पूर्व दुइ नम्बर रामेछाप र सिन्धुली जिल्लाको सीमावर्ती सुनकोशी नदीको

किनारमा रहेको खैरिनी घाट क्षेत्रका माझी जाति र तिनीहरूका सामाजिक, राजनैतिक, सांस्कृतिक एवं आर्थिक पक्षहरूको चित्रण-वर्णन गरिएको पाइन्छ। प्रस्तुत कृतिको विशद् विश्लेषण यस शोध-प्रबन्धको चौथो अध्यायमा गरिएको छ।

हेलम्बु मेरो गाउँ–– शङ्कर कोइराला रचित **हेलम्बु मेरो गाउँ** उपन्यास नवीन प्रकासन, वाराणसीबाट सन् १९७५ मा प्रकाशित भएको हो। एकसय उन्नाइस पृष्ठ भएको प्रस्तुत उपन्यास चौध परिच्छेदमा विभाजित छ। आञ्चलिक प्रवृत्तिलाई नै अँगालेर लेखिएको यस उपन्यासमा काठमाडौंदेखि बत्तीस माइल उत्तर-पूर्वको सिन्धुपाल्चोक जिल्ला अन्तर्गत पर्ने हेलम्बु क्षेत्रका शेर्पा जातिको जीवन चित्रित छ। प्रस्तुत औपन्यासिक कृतिको विशद् विश्लेषण यस शोध-प्रबन्धको चौथो अध्यायमा गरिएको छ।

(२) ध.च. गोतामे र उनका उपन्यासहरू

ध.च. गोतामे (धनुषचन्द्र गौतम)-को जन्म सन् १९३२ (सन् वि०सं०१९८९)-मा गोबिन्दचन्द्र र दीपवतीका जेठा छोराका रूपमा मनारकट्टी जनकपुरमा भएको हो। यिनले आफ्नो बाल्यकाल केही वर्ष भारत स्थित बिहार राज्यको रक्सौलमा अनि त्यसपछि नेपालस्थित वीरगञ्ज शहरमा बिताएका हुन्। यिनले प्राथमिक शिक्षा रक्सौल स्थित 'गान्धी स्कूल'-बाट शुरू गरेका हुन्। केही वर्षपछि यसै स्कूलका प्रधानाध्यापक निकान्त झाले संचालन गर्ने पुस्तकालयमा प्रतिदिन दुइघण्टा काम गर्ने मौका पाए। केटाकेटी छँदादेखि नै आफ्ना पिता गोबिन्दचन्द्रबाट सहस्त्र रजनी चरित्रका कथाहरू सुनेर काल्पनिक संसारमा विचरण गर्ने गोतामेले त्यस पुस्तकालयबाट विभिन्न पत्र-पत्रिका लगायत प्रेमचन्द्र, शरद्चन्द्र, जैनेन्द्र, अज्ञेय आदिका उच्चस्तरीय उपन्यासहरू अध्ययन र मनन गर्ने मौका पाए; फलस्वरूप उनमा रहेको साहित्यिक अभिरूचि अझ बढ़ेर गयो।

नेपाली विषयमा स्नातकोत्तर सम्मको शिक्षा हासिल गरेका गोतामे राष्ट्रिय योजना आयोगमा सह सचिव पदमा अनि नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान कमलादीमा सचिव पदमा कार्यरत थिए। हाल यिनी नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानमा आजीवन सदस्यका रूपमा रहेका छन्।

सन् १९४६ मा वीरगञ्जबाट प्रकाशित हुने **सेवा** मासिक पत्रिकामा **'पर्दा'** शीर्षक भएको पहिलो कथा प्रकाशित गराएर नेपाली साहित्यमा प्रवेश गरेका गोतामे मूलतः उपन्यासकार अनि निबन्धकार हुन्। उनका प्रकाशित औपन्यासिक कृतिहरू **घामका पाइलाहरू** (सन् १९७८) र **यहाँदेखि त्यहाँसम्म** (सन् १९८५) हुन्। उनका प्रकाशित निबन्ध संग्रहहरू **कालान्तर** (सन् १९४६), **संज्ञा सर्वनाम** (सन् १९९७), **सम्झनाका गल्छेडाहरूमा** (सन् १९९८), **तीन वास** (सन् २००१) हुन्। उक्त निबन्ध संग्रहरूमध्ये **कालान्तर**-मा संस्मरणात्मक निबन्धहरू, **संज्ञा सर्वनाम**-मा हास्यव्यङ्ग्यात्मक निबन्धहरू अनि **अग्राखको पालुवा** नामक व्यङ्ग्य उपन्यासांश परेका छन्। **सम्झनाका गल्छेडाहरूमा** संस्मरणात्मक निबन्धहरू अनि **तीन वास**-मा नियात्रात्मक निबन्धहरू समावेश भएका छन्। यिनीहरूका अतिरिक्त गोतामेले **बाछिटा** (दैनिक), **फिलिङ्गो** (साप्ताहिक) पत्रिकाहरूको सम्पादन पनि गरेका थिए। **रूपरेखा, मधुपर्क, गरिमा, समकालीन साहित्य** आदि पत्र-पत्रिकामा पनि गोतामेका निबन्ध, समालोचना, हास्यव्यङ्ग्यात्मक लेखहरू प्रकाशित भएको जानकारी पाइन्छ। तीमध्ये **'टाइम्सका पहेँला पानाहरू'** (यात्रा संस्मरण, **गरिमा**, साझा प्रकाशन, वर्ष १७, अङ्क १, पूर्णाङ्क १९३, सन् १९९८); **'रागी-वैरागी'** (संस्मरण, **समकालीन साहित्य**, ने०रा०प्र०प्र०, वर्ष ९, अङ्क २, पूर्णाङ्क ३४, सन् १९९९); **'अक्षरको उकाली'** (संस्मरण, **समकालीन साहित्य**, ने०रा०प्र०प्र०, वर्ष ९, अङ्क ३, पूर्णाङ्क ३५, सन् १९९९); **'नेपाली हास्यव्यङ्ग्यको परम्परा'** (**गरिमा**, साझा प्रकाशन, वर्ष १९, अङ्क १, पूर्णाङ्क २१७, सन् २०००); **'उत्तरोत्तर संस्मरण'** (**समकालीन साहित्य**, ने०रा०प्र०प्र०, वर्ष १२, अङ्क १, पूर्णङ्क ४३, सन् २००१) आदि उल्लेखनीय छन्।

नेपाली भाषा-साहित्यको सेवा गरे वापत ध.च. गोतामेले पुरस्कार एवं पदकहरू पनि पाएका छन्। सन् १९७८ मा उनको **घामका पाइलाहरू** उपन्यासले मदन पुरस्कार र साझा पुरस्कार अनि सन् १९८५ मा **यहाँदेखि त्यहाँसम्म**-ले साझा पुरस्कार प्राप्त गरेको हो। यसबाहेक उनले गोर्खा दक्षिण बाहु चौथा र महारानी एलिजाबेथ द्वीतीयाबाट भिक्टोरियन मेडल पनि प्राप्त गरेका छन्।

साहित्यलाई शाश्वत ठान्ने गोतामेले आफ्ना उपन्यासहरूमा ओढ़ेको यथार्थ होइन तर आफूले भोगेको यथार्थलाई चित्रण गरेको दाबी गरेका छन्। यसैले उनका औपन्यासिक कृतिहरू आञ्चलिक प्रवृत्तिलाई आत्मसात् गरेर लेखिएका छन् एवं नेपाली आञ्चलिक

उपन्यास परम्परामा नौलो आयाम प्रदान गर्न सफल बनेका छन्। ध.च. गोतामे नेपाली साहित्यको सेवामा निरन्तर लागिरहेका छन्।

घामका पाइलाहरू-- ध.च. गोतामे रचित औपन्यासिक कृति **घामका पाइलाहरू** सन् १९७८ मा साझा प्रकाशनबाट प्रकाशित भएको हो अनि सन् १९९२ सम्ममा यसै प्रकाशनबाट यो चौथो संस्करणसम्म प्रकाशित भएको पाइन्छ। दुइसय पचास पृष्ठ भएको प्रस्तुत उपन्यास चौंतीस खण्ड वा परिच्छेदमा संरचित छ; तर यसको खण्ड वा परिच्छेद विभाजन परम्परागत नभएर चिह्नद्वारा गरिएको पाइन्छ। आञ्चलिक प्रवृत्तिलाई अँगालेर लेखिएको प्रस्तुत कृति नेपालको मध्य भूभागमा अवस्थित वीरगञ्ज शहरमा केन्द्रित छ एवं सन् १९२७ मा नेपालका तत्कालीन प्रधानमन्त्री चन्द्रशमशेरद्वारा स्थापित 'नेपाल गभर्मेन्ट रेल्वे'-ले वीरगञ्ज शहरको सामाजिक, आर्थिक, सांस्कृतिक जीवनमा ल्याएको प्रभाव र जागरणलाई देखाउन सफल भएको छ। प्रस्तुत कृतिको विशद् विश्लेषण यस शोध-प्रबन्धको चौथो अध्यायमा गरिएको छ।

यहाँदेखि त्यहाँसम्म-- गोतामेको दोस्रो औपन्यासिक कृति **यहाँदेखि त्यहाँसम्म** साझा प्रकाशनबाट सन् १९८५ मा प्रकाशित भएको हो। चारसय पन्ध्र पृष्ठ भएको प्रस्तुत कृति अङ्क वा शीर्षक उल्लेख नगरी जम्मा चौंतीस खण्डमा संरचित छ। आञ्चलिक प्रवृत्तिलाई अँगालेर लेखिएको यस उपन्यासमा नेपाल अधिराज्यको बारा जिल्ला अन्तर्गत पर्ने मुर्कीपलिया गाउँ, गडहल गाउँ र त्यसैका सेरोफेरोका लगभग सत्तरीवर्ष अघिको समय र त्यससित सम्बन्धित कथा पाइन्छ। यस उपन्यासको विशद् विश्लेषण प्रस्तुत शोध-प्रबन्धको चौथो अध्यायमा गरिएको छ।

(३) लीलबहादुर क्षत्री र ब्रह्मपुत्रका छेउ-छाउ

लीलबहादुर क्षत्रीको जन्म मार्च १, सन् १९३३ मा पिता प्रेमबहादुर क्षत्री र माता पवित्रा देवीका पुत्रकाका रूपमा असम राज्यको गुवाहाटीमा भएको हो। उनको पुर्ख्यौली थलो पूर्वी नेपालको सुदाप गाउँ भए तापनि उनका पिता प्रेमबहादुर क्षत्री धेरै अघि नै असम प्रवेश गरेर पुलिस विभागमा जागिर खाई डी.एस.पी. सम्मको ओहोदामा पुग्नु

भएको थियो। उहाँले सन् १९५९ मा साहसिकताको परिचय दिएर राष्ट्रपति पुरस्कार पनि प्राप्त गर्नु भएको थियो।

क्षत्रीले प्रारम्भिक शिक्षा बङ्ला भाषाका माध्यमबाट आरम्भ गरेका थिए। त्यसपछि शिलङको गोर्खा पाठशालाबाट निम्न माध्यमिक स्तरको शिक्षा, मौखर कृश्चियन स्कूलबाट आठौं कक्षसम्मको शिक्षा अनि शिलङ सरकारी विद्यालयबाट सन् १९५१ मा प्रवेशिका परीक्षा उत्तीर्ण गरेका थिए। त्यसपछि उनले गुवाहाटीको कटन कलेजबाट सन् १९५६ मा अर्थशास्त्र विषयमा सम्मानसहित स्नातक परीक्षा उत्तीर्ण गरे अनि सन् १९५८ मा गुवाहाटी विश्वविद्यालयबाट अर्थशास्त्र विषयमा स्नातकोत्तर परीक्षा उत्तीर्ण गरे। यसका अतिरिक्त उनले राष्ट्रभाषा प्रचार समितिका तत्त्वधानमा सञ्चालित विशारद परीक्षा (हिन्दी भाषामा) पनि उत्तीर्ण गरेको जानकारी पाइन्छ।

लीलबहादुर क्षत्रीले सन् १९५९ देखि १९६७ सम्म आकाशवाणी गुवाहाटीबाट प्रस्तुत गरिने नेपाली भाषाको कार्यक्रममा अस्थायी आंशिक सेवा प्रदान गरेका थिए। त्यसपछि गुवाहाटीको आर्यविद्यापीठ कलेजमा अर्थशास्त्रको प्राध्यापक भई अध्यापन कार्यलाई स्थायी पेशाको रूपमा लिई सोही कलेजमा विभागीय प्रमुखका रूपमा धेरै वर्ष कार्य गरेर हाल सेवा निवृत्त भएका छन्।

बाल्यकालदेखि नै भाषा-साहित्य र समाज सेवाको कार्यमा रूचि राख्ने क्षत्रीको असम गोर्खा सम्मेलनमा सक्रिय भूमिका रहेको छ। यसबाहेक उनले सन् १९५४ मा गोर्खा सेवक समाजको सचिव, सन् १९६० मा अखिल भारतीय नेपाली सङ्घ गुवाहाटी शाखाको संस्थापक र सभापति, सन् १९७२ मा अखिल भारतीय नेपाली भाषा समिति गुवाहाटी शाखाको संस्थापक र सभापति अनि नेपाली साहित्य परिषद् असमको अध्यक्षका रूपमा रही निष्ठापूर्वक सामाजिक एवं साहित्यिक सेवा कार्य गरेको जानकारी पाइन्छ।

सन् १९४९ मा छापिएको **शिवस्तुति** नामक भजन पुस्तिका उनको पहिलो प्रकाशित कृति हो। नेपाली साहित्यमा लीलबहादुर क्षत्री मूलतः कथाकार एवं उपन्यासकारका रूपमा परिचित र प्रसिद्ध भए तापनि उनले समीक्षात्मक लेख, निबन्ध, नाटक आदि पनि लेखेका

छन्। उनका प्रकाशित औपन्यासिक कृतिहरू- **बसाइँ** (सन् १९५७), **अतृप्त** (सन् १९६८) र **ब्रह्मपुत्रका छेउ-छाउ** (सन् १९८६); कथा सङ्ग्रहहरू- **तीन दशक बीस अभिव्यक्ति** (सन् १९८३) र **लीलबहादुर क्षत्रीका कथाहरू** (सन् १९९७); नाटक-एकाङ्कीहरू-**दोबाटो** (सन् १९९६) र **शुरूको शुरू** (एकाङ्की सन् १९८८); निबन्ध-समीक्षा-**असममा नेपाली भाषा र त्यसको साह्रो-गाह्रो** (सन् १९७१), **पूर्वाञ्चल भारतीय नेपाली कथा साहित्य र पत्रकारिताको इतिवृत** (सन् १९९७) आदि हुन्। यसका अतिरिक्त **असमको नेपाली जनजीवन र भानुभक्त** (भानु, त्रैमासिक, भानुभक्त विशेषाङ्क, वर्ष ८, सन् १९७१); **साहित्य एक जातीय दर्पणको रूपमा-एक विवेचना** (सुमन, शिलङ, सन् १९७२); **कवि पदमप्रसाद ढुङ्गाना र उनका कृतिहरू** (दियालो, वर्ष २२, हाँगो १००, सन् १९८३); **आदिकवि भानुभक्त** (हाम्रो ध्वनि, प्रवेशाङ्क) **असम बिहु उत्सव र असमे नेपालीहरू** (हाम्रो ध्वनि, अङ्क ६, सन् १९७६) जस्ता रचनाहरू विभिन्न पत्र-पत्रिकाहरूमा प्रकाशित भएका छन् अनि कतिपय एकाङ्कीहरू आकाशवाणी गुवाहाटीबाट प्रसारित पनि भएका छन्।

नेपाली भाषा-साहित्यको सेवा गरेवापत लीलबहादुर क्षत्रीले सम्मान एवं पुरस्कार पनि पाएका छन्। उनले सन् १९८३ मा **दियालो** पत्रिकामा प्रकाशित **तीज** निबन्धका निम्ति 'दियालो पुरस्कार'; सन् १९८५ **तीन दशक बीस अभिव्यक्ति** कथा सङ्ग्रहका निम्ति नेपाली अकादमी दार्जीलिङबाट भानु पुरस्कार; सन् १९८७ मा **ब्रह्मपुत्रका छेउ-छाउ**- का निम्ति साहित्य अकादमी दिल्लीबाट अकादमी पुरस्कार प्राप्त गरेका छन् एवं असम गोर्खा सम्मेलन र असम साहित्य सभाले क्षत्रीलाई अभिनन्दन र सम्मान जनाएका छन् अनि असम सरकारले उनलाई साहित्यिक पेन्सन दिने घोषणा पनि गरेको छ।

ब्रह्मपुत्रका छेउ-छाउ–– लीलबहादुर क्षत्रीद्वारा लिखित **ब्रह्मपुत्रका छेउ-छाउ** उपन्यास श्याम प्रकाशन, दार्जीलिङबाट सन् १९८६ मा प्रकाशित भएको हो। एकसय त्रिहत्तर पृष्ठ भएको प्रस्तुत कृतिलाई बाइस खण्डमा विभाजन गरिएको छ। आञ्चलिक प्रवृत्तिलाई अँगालेर लेखिएको यस उपन्यासले असम राज्य अन्तर्गत ब्रह्मपुत्र नदीका छेउ-छाउमा पर्ने नेपाली बहुल क्षेत्रलाई कथाञ्चल बनाएको छ एवं असमेली नेपालीहरूको आर्थिक, सामाजिक, शैक्षिक, सांस्कृतिक, राजनैतिक आदि विभिन्न पक्षको यथार्थ चित्रण प्रस्तुत गर्न उपन्यास सफल भएको छ। यस उपन्यासको विशद् विश्लेषण प्रस्तुत शोध-प्रबन्धको

चौथो अध्यायमा गरिएको छ।

३.५. निष्कर्ष

उपन्यासमा आञ्चलिकताको प्रयोग, पाश्चात्य र पूर्वीय साहित्यमा आञ्चलिक उपन्यासको परम्परा एवं नेपाली साहित्यमा आञ्चलिक उपन्यासको प्रारम्भ र विकास सम्बन्धी विषयलाई सैद्धान्तिक दृष्टिले अध्ययन र अनुशीलन गरेर हेर्दा प्राप्त भएका मूलभूत कुराहरूलाई बुँदागत रूपमा निम्नलिखित तरीकाले समेटेर राख्न सकिन्छ :

(१) साहित्यिक अभिव्यक्तिका विभिन्न विधाहरूमध्ये उपन्यास सर्वाधिक समृद्ध विधा हो। साहित्य गतिशील हुन्छ र यसमा निरन्तर नवीन प्रयोग भइरहेको पाइन्छ। अझ उपन्यास विधा साहित्यको लचिलो विधा भएको हुनाले यसमा नवीन शिल्प-शैली एवं प्रविधि-प्रयोग हुनु स्वाभाविक देखिन्छ। यही नव्यताकाङ्क्षी प्रयोगधर्मिताको परिणाम स्वरूप उपन्यास साहित्यमा आञ्चलिक प्रवृत्तिको शुरूवात भएको हो अनि 'सामान्य' देखि 'विशिष्ट' आधार छान्ने प्रवृत्तिबाट नै आञ्चलिक उपन्यासको सृष्टि भएको मानिन्छ।

(२) प्रत्येक देशको भौगोलिक-प्राकृतिक वातावरण, सांस्कृतिक वैभव, जन-जीवनको विशिष्ट परम्परा एवं चिन्तन प्रक्रियामा भिन्नता पाइने हुनाले विभिन्न देशका उपन्यासकारहरूद्वारा लिखित आञ्चलिक उपन्यासमा विविधता पाइन्छ।

(३) अङ्ग्रेजी साहित्यमा समृद्ध रहेको 'रीजनल नोभेल'-को परम्परा मेरिया एजवर्थको आयरल्याण्डका कृषकहरूको जीवनलाई लिएर लेखिएको **क्यासल रेकरेन्ट** (सन् १८००)-बाट शुरू भएको देखिन्छ अनि वाल्टर स्कटका आञ्चलिक पृष्ठभूमिमा लेखिएका **'वेवर्ली नोभल्स सीरीज'**-का उपन्यासहरूबाट विकसित भएको देखिन्छ। उन्नाइसौं शताब्दीको उत्तारार्धमा अङ्ग्रेजी उपन्यास साहित्यमा आञ्चलिक प्रवृत्तिलाई अँगालेर उपन्यास रचना गर्नेहरूमध्ये शार्लेट ब्राण्टी, जर्ज

इलियट, थमस हार्डी, अर्नोल्ड बनेट, एन्थोनी ट्रोलोप आदि स्मरणीय प्रतिभा मानिन्छन्।

(४) अमेरिकी उपन्यास साहित्यमा 'नोवल अफ् द सोअल' भनेर उपन्यासको एउटा छुट्टै वर्गलाई स्वीकृति दिइएको पाइन्छ र यसमा आदिवासी एवं जनजातिहरूको जीवन चित्रित गरिएको हुन्छ। यस्ता कृतिलाई आञ्चलिकताकै एउटा विशेष श्रेणी मानिएको छ। अठारौं शताब्दीको उत्तरार्धमा अमेरिकी कथा साहित्यमा चलेको 'रीजनलिजम् आन्दोलन'-को फलस्वरूप देश-काल र वातावरणको प्रधानता स्वीकार गर्ने 'रीजनल नोवल्स' नामक औपन्यासिक परम्पराको शुरूवात भएको पाइन्छ।

(५) प्रथम विश्वयुद्धपछि अमेरिकी उपन्यास साहित्यमा मार्क ट्वेन, विला केथर, विलियम फक्नर, रास् लकरिज, ओ.ई. रोल्वाग आदिको प्राकृतिक-भौगोलिक र भाषिक भिन्नता, अञ्चल विशेषको सर्वाङ्गीण चित्रण, नव संस्कृतिको परिचय, कृषक जीवनको वर्णन आदिलाई प्रमुखता दिएर लेखिएका रचनाहरूले अमेरिकी उपन्यास साहित्यमा आञ्चलिक प्रवृत्तिको प्रयोग र विकासमा महत्वपूर्ण योगदान दिएको पाइन्छ।

(६) रूसी साहित्यमा आञ्चलिक प्रवृत्तिको प्रारम्भ उन्नाइसौं शताब्दीको उत्तरार्धमा भएको अनि बीसौं शताब्दीको शुरूमा यस प्रवृत्तिले सन्तोषजनक विकास गर्नका साथै कलात्मकताका दृष्टिले पनि उल्लेखनीय प्रभाव पार्न सकेको देखिन्छ। रूसी साहित्यमा आञ्चलिक उपन्यासको पृष्ठभूमि तयार पार्नमा पुश्किन, तुर्गनेव, दोस्तोविस्की, लियो टल्सटय, गोर्की जस्ता यथार्थवादी उपन्यासकारहरूको महत्वपूर्ण योगदान रहेको छ र परवर्तीकालमा प्रकाशित भएका मिखाइल शोलोखोभका 'एण्ड क्वाइट फ्लोज द डन' (सन् १९२८), डन फ्लो होम टू द सी (सन् १९३३-३८), जस्ता आञ्चलिक उपन्यासहरू विश्व प्रसिद्ध भएका छन् एवं रूसी साहित्यमा आञ्चलिक उपन्यासको परम्परालाई अझ सुदृढ बनाउनमा सफल भएका छन्।

(७) अठारौं शताब्दीको उत्तरार्धमा बङ्गालमा अङ्ग्रेजहरूको शासन-सत्ता स्थापना भएपछि कलकत्ता प्रशासन, वाणिज्य अनि साहित्यको केन्द्रस्थल बन्यो। मिशनरीहरूले जनतामा ईसाई मत प्रचारका निम्ति साहित्यलाई माध्यम बनाए। त्यसपछि फोर्ट विलियम कलेज (सन् १८००), कलकत्ता स्कूल-बुक सोसाइटी (सन् १८१७), हिन्दू कलेज (सन् १८१७) , सेरामपुर कलेज (सन् १८१८) आदिको स्थापनाले बङ्ला भाषा-साहित्य र शिक्षाको क्षेत्रमा महत्वपूर्ण योगदान दिएको पाइन्छ।

(८) बङ्ला साहित्यमा प्राचीनकालदेखि नै छन्दोवद्ध लोक कथा एवं गद्य-पद्य मिश्रित काव्यात्मक गाथाहरूको प्रचलन रहेको देखिन्छ अनि उन्नाइसौं शताब्दीको शुरूमा आख्यानात्मक कृतिहरूको रचना भएको पाइन्छ। परवर्तीकालमा भूदेव मुखर्जी, प्रतापचन्द्र घोष, राखालदास बन्दोपाध्याय, रमेशचन्द्र दत्त जस्ता ऐतिहासिक उपन्यासकार; बङ्किम चन्द्र, श्रीषचन्द्र, जलधर, मनमोहक चट्टोपाध्याय जस्ता सामाजिक उपन्यासकार एवं शरत्चन्द्र प्रभृति यथार्थवादी उपन्यासकारहरूले बङ्ला आञ्चलिक उपन्यासको प्रारूप गठन एवं विकासमा सहयोग पुर्‍याएको देखिन्छ।

(९) शैलजानन्द मुखोपाध्याय , ताराशङ्कर बन्दोपाध्याय, विभूतिभूषण बन्दोपाध्याय, मानिक बन्दोपाध्याय, सतीनाथ भादुड़ी, समरेश बासु प्रभृति उपन्यासकारहरूले बङ्ला साहित्यमा आञ्चलिक उपन्यासको परम्परालाई अझ सुदृढ़ बनाएको एवं जात-गोष्ठी विशेष, पेशा विशेष, स्थान विशेषसित सम्बन्धित स्तरीय आञ्चलिक उपन्यासको रचना गरेको पाइन्छ। भारतीय उपन्यास साहित्यका सन्दर्भमा सर्वप्रथम बङ्ला साहित्यमा नै आञ्चलिक प्रवृत्तिको प्रारम्भ भएको अनि बङ्ला साहित्यबाट नै अन्य भारतीय भाषाका साहित्यमा यसले प्रवेश गरेको बुझिन्छ।

(१०) हिन्दी उपन्यासको उद्भव उन्नाइसौं शताब्दीको उत्तरार्धमा भएको हो। प्रेमचन्द पूर्वका हिन्दी उपन्यासहरू तिलस्मी, ऐय्यारी, जासूसी र एकाध ऐतिहासिक, सुधारवादी एवं उपदेशात्मक छन्। प्रेमचन्दको आगमनपछि हिन्दी उपन्यास यथार्थ धरातलमा ओर्लेर युगानुकूल विकासको पथमा अग्रसर भएको पाइन्छ। प्रेमचन्दका यथार्थवादी उपन्यासहरूबाटै हिन्दी साहित्यमा आञ्चलिक उपन्यास लेखन परम्पराको पृष्ठभूमि

तयार हुन सकेको देखिन्छ।

(११) हिन्दी उपन्यास साहित्यमा 'वाल्टर स्कट' नामले प्रसिद्ध वृन्दावनलाल वर्माले आफ्ना **गढ़ कुण्डार**, **विराटा की पद्मिनी**, **मृगनयनी**, **कचनार** आदि उपन्यासहरूमा ऐतिहासिकतालाई सजीव र प्रामाणिक तुल्याउन बुन्देलखण्ड क्षेत्रको आञ्चलिक पीठिका ग्रहण गरेका छन्। वृन्दावनलाल वर्माका ऐतिहासिक उपन्यासहरू अनि शिव पूजन सहाय, नागार्जुन, वलवन्त सिँह आदिका स्थानीय रङ्ग प्रयोग भएका उपन्यासहरूले हिन्दी आञ्चलिक उपन्यास लेखन परम्पराको विकासमा प्रशस्त सहयोग पुऱ्याएको पाइन्छ।

(१२) 'आञ्चलिक उपन्यास'-को संज्ञा दिएर लेखिएको फणीश्वरनाथ रेणुको **मैला आँचल** उपन्यास प्रकाशित हुनभन्दा अघि नै नागार्जुनको **बलचनमा** जस्तो सशक्त आञ्चलिक उपन्यासको प्रकाशन भइसकेको पाइन्छ। परवर्तीकालमा शिवप्रसाद मिश्रको **बहती गङ्गा**; रेणुका **मैला आँचल**; **परती-परीकथा**; उदयशङ्कर भट्टको **सागर लहरे और मनुष्य**; राँगेय राघवका **काका**, **कब तक पुकारूँ**; देबेन्द्र सत्यार्थीको **ब्रह्मपुत्र** आदि ग्रामीण र शहरी अञ्चल, जाति विशेष, पेशा विशेष आदिलाई आधार बनाएर लेखिएका विविध कृतिहरूले हिन्दी आञ्चलिक उपन्यासहरूलाई नयाँ दिशा प्रदान गरेको देखिन्छ। स्वतन्त्रता प्राप्तिपछि देशमा लोकतन्त्रको भावनाले प्रखरता प्राप्त गरेकोले व्यक्तिवादी लेखनको विरोधमा हिन्दी उपन्यास साहित्यमा आञ्चलिक प्रवृत्तिको विकास तीव्ररूपमा हुन सकेको पाइन्छ।

(१३) नेपाली साहित्यमा गद्याख्यानको इतिहासलाई प्राथमिक काल (सन् १७७०-१८८८), माध्यमिक काल (१८८९-३३), र आधुनिक काल (१९३४ देखि यता) गरी मूलतः तीन काल खण्डमा बाँड़ेर चर्चा गरिएको छ। आजसम्मको खोज र प्राप्तिका आधारमा शक्तिवल्लभ अर्यालको **महाभारत विराटपर्व**-को नेपाली अनुवाद नै नेपाली आख्यान साहित्यको पहिलो उपलब्धि मानिएको छ।

(१४) नेपाली साहित्यको प्राथमिक कालका गद्याख्यानहरू धेरजसो संस्कृतबाट

अनूदित छन् भने कतिपय संस्कृतेतर अरबी, फारसी आदि स्रोतबाट पनि लिइएका छन्। माध्यमिक कालमा अरबी-फारसी, उर्दू, बङ्गला, हिन्दी, अङ्ग्रेजी आदि भाषाहरूबाट प्रशस्त आख्यानात्मक रचनाहरू नेपालीमा अनुवाद भएका पाइन्छन् भने केही मौलिक उपन्यासहरू पनि लेखिएका छन्। औपन्यासिक प्रवृत्ति र विषयवस्तुका दृष्टिले माध्यमिक कालका उपन्यासहरू विषयको विविधता, स्रोतको विस्तार र स्थानीय चित्रणतर्फ बढी रहेका पाइन्छन्।

(१५) नेपाली उपन्यास साहित्यको आधुनिक कालको पहिलो चरणको पहिलो दशकमा केही महिनाको अन्तरमा प्रकाशित भएका **रूपमती** (सन् १९३४ जेष्ठ) र **सुमती** (सन् १९३४ श्रावण)-ले माध्यमिककालीन जासूसी-तिलस्मी प्रवृत्तिलाई त्यागेर नैतिकता र आदर्शवादी धारणालाई ग्रहण गरेको पाइन्छ। रूपनारायण सिंहको **भ्रमर** (सन् १९३६)-बाट नेपाली उपन्यास साहित्यमा रोमाण्टिक लेखन परम्परा प्रवर्तन हुन सकेको र परवर्तीकालमा यसै परिपाटीलाई अँगालेर शिवकुमार राई, अच्छा राई 'रसिक', इन्द्र सुन्दास, कृष्णसिँह मोक्तान, नरबहादुर दाहाल प्रभृति उपन्यासकारहरूले उपन्यास रचना गरेको देखिन्छ।

(१६) लैनसिंह बाङ्देलको **मुलुक बाहिर**-बाट थालिएको यथार्थवादी धारालाई मोहनबहादुर मल्ल, लीलबहादुर क्षेत्री, दौलत विक्रम विष्ट आदिले नयाँ गति दिन सकेको देखिन्छ। नेपाली उपन्यासको विकासक्रममा आधुनिक कालको पहिलो चरण (सन् १९३४-१९६३)-को अन्तिम दशकमा यथार्थवादकै एउटा भङ्गालो मानिएको आञ्चलिक प्रवृत्तिलाई अँगालेर लेखिएको शङ्कर कोइरालाको **खैरिनी घाट** (सन् १९६१) पहिलो आञ्चलिक उपन्यास मानिएको छ। परवर्तीकालमा यस प्रवृत्तिलाई अँगालेर ध.च. गोतामे, लीलबहादुर क्षेत्री प्रभृति लेखकहरूले उपन्यास लेखेका छन्।

(१७) नेपाली उपन्यास साहित्यमा प्रगतिवादी प्रवृत्तिलाई आत्मसात गरेर उपन्यास रचना गर्नेहरूमध्ये हृदयचन्द्र सिंह प्रधान, डी.पी. अधिकारी, खगेन्द्र संग्रौला, पारिजात, रमेश विकल आदि उल्लेखनीय छन् भने ऐतिहासिक धरातललाई

ग्रहण गर्दै उपन्यास लेख्नेहरूमा अम्बालिका देवी, टुकराज-पद्मराज मिश्र, डायमण्ड शम्शेर, केशवराज पिंड़ाली आदि मुख्य छन्। नेपाली उपन्यास साहित्यमा आधुनिक कालको पहिलो चरणको अन्तिम दशकदेखि यता नेपाली उपन्यास मनोवैज्ञानिक लेखनतर्फ अग्रसर भएको पाइन्छ भने आधुनिक कालको दोस्रो चरण (सन् १९६४ यता)-मा नयाँ शिल्प-शैली, नयाँ मूल्य लिएर उपन्यासहरू लेखिएका पाइन्छन्। यसै कालमा नेपाली साहित्यमा देखा परेका तेस्रो आयाम, राल्फा, अस्वीकृत जमात, अमलेख, तरलवाद जस्ता साहित्यिक आन्दोलनहरूको फलस्वरूप नेपाली उपन्यास लेखनले नयाँ आयाम लिएको र गतिशीलता प्राप्त गर्न सकेको देखिन्छ।

(१८) नेपाली साहित्यमा स्थानीय रङ्गको प्रचुरता भएका, आञ्चलिक संस्पर्श भएका अनि आञ्चलिक पृष्ठभूमिलाई आधार बनाएर लेखिएका एकाधिक उपन्यासहरू छन्; तर यस्ता उपन्यासहरूलाई पूर्ण आञ्चलिक उपन्यास भनेर किटान गर्न सकिन्न। यस्ता उपन्यासहरूको मूल उद्देश्य कुनै अञ्चल-विशेषको सर्वाङ्गीण चित्रण-वर्णन गर्नु नभएर कुनै अन्य उद्देश्यको परिपूर्तिका निम्ति मात्र वर्णित अञ्चलको स्थानीय परिवेश एवं विशिष्टताहरूको चित्रण-वर्णन गरिएको हुन्छ। नेपाली साहित्यमा कुनै निश्चित अञ्चल वा क्षेत्र-विशेषलाई लिएर लेखिएका विशुद्ध आञ्चलिक उपन्यासहरूमा चाहिँ **खैरिनी घाट**, **हेलम्बु मेरो गाउँ**, **घामका पाइलाहरू**, **यहाँदेखि त्यहाँसम्म**, **ब्रह्मपुत्रका छेउ-छाउ** आदि प्रतिनिधि कृति हुन्।